# नागरिक लगानी कोष

## केन्द्रीय कार्यालय

नयाँबानेश्वर, काठमाडौं,
पो.ब.नं. ५८२३
फोन: ०१-४७८५३१६, ४७८५३२१, ४७८५३२५, ४७८४२९८, ४७८१६७३
फ्याक्स: ०१-४७८५३२०, ४७८४९४५,
वेभसाईट: www.nlkk.org.np

**शेयर सूचिकृत**
नेपाल स्टक एक्सचेञ्ज लि.

**स्तर समूह**
“क”

**लेखापरीक्षक**
श्री अनिल पौडेल

**कार्यकारी निर्देशक**
श्री राम कृष्ण पोखरेल

**सञ्चालक समितिका सचिव**
श्री सुशील कुमार अर्याल

# नागरिक लगानी कोषको संक्षिप्त परिचय

**पृष्ठभूमि**

नेपाल सरकारको समेत लगानीमा नागरिक लगानी कोष ऐन, २०४७ अनुसार वि.सं. २०४७ चैत्र ४ गते स्थापना भई वि. सं. २०४८ माघ १ गते देखि कोषले औपचारिक रूपमा कारोबार संचालनमा ल्याएको हो । आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरि पूंजी वृद्दिका साथसाथै लगानीका अवसरहरु बढाउन तथा पूंजीबजारको विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखेर कोषको स्थापना भएको हो । उक्त उद्देश्य प्राप्तीका लागी कोषले सर्वसाधारण, विभिन्न संगठित संघ-संस्थामा कार्यरत कर्मचारी/कामदार तथा संगठित संघ-संस्थाहरुबाट समेत विभिन्न कार्यक्रम अन्तर्गत बचत संकलन गरी त्यसरी संकलित बचत रकमलाई दक्ष र व्यवसायिक ढंगबाट लगानी प्रबन्ध गर्दै आएको छ। कोषले केन्द्रिय कार्यालय काठमाडौंबाट मात्र सेवा संचालन गरिरहेकोमा हाल पोखरा र विराटनगर स्थित शाखा कार्यालयहरुबाट समेत सेवा प्रदान गरिरहेको छ। कोषको शेयरको चुक्ता पूंजी रु.४५ करोड रहेको छ। कोषले पुंजी बजार सम्बन्धी मर्चेन्ट बैंकरको रूपमा धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धकको कार्य, शेयर रजिष्ट्रारको कार्य र धितोपत्र प्रत्याभुतिको कार्य गर्दै आएको छ । साथै विदेश स्थित नेपाली नागरिकहरुबाट समेत विविध प्रकारका बचत कार्यक्रममार्फत बचत संकलन गर्न सक्ने कोषको ऐनमा भएको प्रावधानले कोषले यस तर्फ समेत आफ्नो सेवा विस्तार गर्न आवश्यक कार्यविधि बनाउने कार्य गरिरहेको छ।

**कोषका त्रिकोणीय व्यावसायिक खम्बाहरु :**

**क. वचत कार्यक्रम :**

- विभिन्न किसिमका योजनाहरु : कर्मचारी बचत बृद्धि अवकाश कोष, उपदान तथा पेन्सन कोष, बीमा कोष आदिको माध्यमबाट लामो अवधिको वचत संकलन गर्ने ।
- नागरिक एकांक योजना, म्यूच्यूअल फण्ड योजनाको माध्यमबाट देश भित्रका र देश बाहिरका लगानीकर्ताहरुबाट बचत वृद्धि कार्यक्रम संचालनमा ल्याउने ।
- लगानीकर्ताहरुको खाता संचालनको माध्यमबाट बचत संकलन गर्ने ।

**ख. लगानी व्यवस्थापन :**

- संगठित संस्थाको शेयर, ऋणपत्र तथा सरकारी धितोपत्रमा लगानी गर्ने ।
- शेयर खरिद गर्नका लागि कर्जा प्रवाह गर्ने ।
- संगठित संस्थाहरुलाई निश्चित अवधिको ऋण नपुग भएमा वित्तीय सहयोग (Bridge Finance) प्रदान गर्ने।
- ग्राहकहरुको लागि आवश्यक आवास कर्जा, शैक्षिक कर्जा तथा सरल कर्जा उपलब्ध गराउने ।
- बचतबाट प्राप्त रकमलाई उपयुक्त Portfolio बनाई उच्च प्रतिफल प्राप्त हुने गरी लगानी गर्ने ।

**ग. पुँजी बजार सेवा :**

- विभिन्न कोषको नासो संरक्षण (Trustee Services) गर्ने ।
- मूलतः ऋणपत्र Trustee सेवा प्रदान गर्ने ।
- संस्थागत वित्तीय सेवा :
  - संगठित संस्थाहरुको सार्वजनिक निष्काशनको ब्यवस्था गर्ने ।
  - सार्वजनिक निष्काशनको लागि प्रस्ताव भएको शेयर बिक्री नभएमा बिक्री प्रत्याभूति (Underwriting) प्रदान गर्ने ।
  - सरकारी तथा संगठित संस्थाका सुरक्षण (Securities) हरुको स्टक डिलरको काम गर्ने ।
  - विभिन्न संगठित संस्थाहरुको पुँजीको स्वरुप (Capital Structure) सेक्यूरिटीजहरुको मूल्य, कम्पनीहरुको Merger, Acquisition, Privatization तथा अन्य सम्वन्धित क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने ।

# नागरिक लगानी कोष

## एक्काईसौं बार्षिक साधारणा सभा बस्ने सूचना

**श्री शेयरधनी महानुभावहरु,**

कोषको मिति २०७४।०४।१८ मा बसेको संचालक समितिको बैंठकको निर्णय अनुसार नागरिक लगानी कोषको एक्काईसौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका बिषयहरू उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ ।

| | | |
|---|---|---|
| सभा हुने मिति | : | २०७४ साल भाद्र १६ गते शुक्रबार । |
| स्थान | : | नेपाल पर्यटन बोर्ड (अडिटोरियम हल), भृकुटीमण्डप, काठमाण्डौ । |
| समय | : | बिहान ११:०० बजे । |

**साधारण सभामा छलफल हुने विषयहरु:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने कोषको आ.व. २०७१।०७२ वार्षिक प्रतिवेदन ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७२ साल आषाढ मसान्तको वासलात र आ.व.२०७१।०७२ को नाफा/नोक्सान हिसाब बारे ।

(३) कोषको आ.व.२०७१।०७२ को आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्याइएको प्रस्तावित २१।८५ प्रतिशत बोनस शेयर र १।१५ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने बारे ।

(४) कोषको संचालक समितिमा बैंक तथा वित्तिय संस्था (समूह घ) बाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन बारे ।

(५) कोषको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरूकोतर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन बारे ।

(६) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू तथा संचालकहरूको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने बारे ।

(७) विविध ।

**साधारण सभा सम्बन्धी जानकारी**

१. सभामा उपस्थित हुन शेयरधनीहरूले प्रवेशपत्र लिनु पर्ने लिनु पर्नेछ । उक्त प्रवेश पत्रमा अनिवार्यरूपमा शेयरधनी नं. वा डिम्याट नं. उल्लेख गर्नुपर्नेछ ।

२. शेयर प्रमाणपत्र प्राप्त गरी नसकेका शेयरधनीहरूले कोषको केन्द्रीय कार्यालय, नयाँबानेश्वर, काठमाण्डौबाट शेयर प्रमाणपत्र लिनुपर्ने शेयरधनीहरूले लिनुहुन अनुरोध छ । साधारण सभा हुने दिन सभा स्थलबाट शेयर प्रमाणपत्र वितरण गरिने छैन ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले सभा हुने दिन भन्दा ५ (पाँच) दिन अगावै अर्थात् मिति २०७४।०५।१२ गते अपरान्ह ४ बजेसम्ममा कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौस्थित कोषको प्राङ्गणमा रहेको ब्लक बी भवनमा प्रोक्सी फारम दर्ता गरी सक्नु पर्नेछ ।

४. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा खटाइएको वा मनोनीत गरेको प्रतिनिधि (प्रोक्सी) ले साधारण सभामा भाग लिन पाउनेछ ।

५. प्रतिनिधिपत्रमा सम्बन्धित संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा कोषको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रतिनिधि मुकरर गर्न

पाईने छैन ।

७. शेयरधनीको नाम, शेयरधनी नं., डिम्याट नं., शेयर कित्ता संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्द हुनेछ ।

८. प्रतिनिधि (प्रोक्सी) दोहोरो पर्न गएमा यस कोषमा पहिलो दर्ता गरिएको प्रोक्सीले मात्र मान्यता पाउने छ ।

९. प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

१०. संयुक्त रूपमा शेयर खरीद गरेको अवस्थामा शेयरधनीहरूको दर्ता किताबमा साझेदारहरू मध्ये जसको नाम क्रमानुसार पहिलो नम्बरमा लेखिएको छ वा सो साझेदार वा साझेदारहरूको सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

११. विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा हुनु भन्दा ७ दिन अगावै छलफलको बिषय संचालक समितिको सचिव मार्फत् संचालक समितिका अध्यक्षलाई कोषको केन्द्रीय कार्यालय, नयाँबानेश्वर स्थित ब्लक डि भवनमा लिखित रूपमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

१२. कोषको संचालक समितिमा बैंक तथा वित्तिय संस्था (समूह घ) बाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) तथा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन सम्बन्धी कार्यक्रम कोषको सूचना पाटी तथा राष्ट्रियस्तरको दैनिक पत्रिका गोरखापत्र प्रकाशित गरिनेछ ।

१३. मिति २०७४।०४।२७ देखि २०७४।०५।१६ सम्म कोषको शेयर दाखिल खारेज कार्य बन्द रहनेछ ।

**नोटः सभा हुने दिन हाजिर रजिष्ट्रर बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।**

**संचालक समितिका सचिव**
**नागरिक लगानी कोष**

अनुसूची १६

दफा ६ (४) संग सम्वन्धित

**साधारणसभामा भाग लिन तथा मतदान गर्न आफनो प्रतिनिधि नियुक्त गर्ने निवेदनको ढाँचा**

## प्रोक्सी

श्री नागरिक लगानी कोष,
केन्द्रिय कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौं ।

### विषय : प्रतिनिधि नियुक्त गरेको वारे ।

..................जिल्ला ................. पालिका वडा नं...........बस्ने म/हामी.........................ले त्यस कोषको शेयरधनीको हैसियतले संवत् २०......साल...............महिना......गतेका दिन हुने वार्षिक / विशेष साधारणसभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा /हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि.............. जिल्ला.................... पालिका वडा नं...........वस्ने श्री.................................लाई मेरा /हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको,-
हस्ताक्षरको नमुना :
शेयर संख्या :
शेयरधनी परिचय नं. :
DMAT BOID No : .................................
मिति :

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी परिचय नं. :
शेयर संख्या :

DMAT BOID No : ..................................

**द्रष्टव्य** :–

१) यो प्रतिनिधि पत्र साधारण सभा हुनु भन्दा अगावै मिति २०७४/०५/१२ गते अपरान्ह ४ बजे सम्ममा कोषको केन्द्रीय कार्यालय , नयाँबानेश्वर, काठमाडौंको 'ब्लक B' भवनमा वा निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

२) समुह 'ख' अन्तरगतका शेयरधनी अन्य वित्तिय संस्थाहरुले संस्थाको तर्फवाट संचालकमा उम्मेदवारी दिने कार्य समेतका लागी प्रतिनिधि मुकरर गरी पठाउँदा संस्थाको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि साथै राखी संस्थाको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पत्र पठाउनु पर्ने छ ।

३) उमेदवार हुने वाहेक साधारण सभामा भाग लिन तथा मतदान गर्न कार्यका लागी संचालक समितिको निर्णयको प्रतिलिपि सम्लग्न गर्न अनिवार्य हुने छैन । संस्थाको पत्रमा विवरण खुलाई पठाएमा पर्याप्त मानिने छ ।

# विषय सूची


१. कोष सञ्चालक समितिका अध्यक्षको मन्तव्य ............ १
२. महालेखा परीक्षकको अन्तिम लेखापरीक्षक प्रतिवेदन ............ १२
३. केन्द्रीय हिसाब वासलात ............ १६
४. कन्द्रीय आय/व्यय हिसाब ............ १७
५. आम्दानी बाँडफाडँ हिसाब ............ १८
६. नगद प्रवाह विवरण ............ १९
७. इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण ............ २०
८. अनुसूची १ सेयर पुँजी र अनुसूची २ जगेडा तथा मुनाफा ............ २१
९. अनुसूची ३ स्थिर सम्पती तथा ह्रासकट्टी विवरण ............ २२
१०. अनुसूची ४.१ लगानीको विस्तृत विवरण ............ २३
११. अनुसूची ४ लगानी, अनुसूची ५ जिन्सी मौज्दात र अनुसूची ६ लिनुपर्ने हिसाब ............ २५
१२. अनुसूची ७ नगद तथा बैंक मौज्याद ............ २६
१३. अनुसूची ८ पेश्की सापटी र धरौटी, अनुसूची ९ चालु दायित्व ............ २७
१४. अनुसूची १० व्यवस्था तथा अन्य दायित्व र अनुसूची ११ सम्भावित दायित्व ............ २८
१५. अनुसूची १३ ब्याज आम्दानी र अनुसूची १४ सेवा शुल्क तथा कमिशन आम्दानी ............ २९
१६. अनुसूची १५ व्यवस्थापन खर्च विवरण ............ ३०
१७ अनुसूची १२ लेखा सम्बन्धी नीति तथा टिप्पणीहरु ............ ३१
१८. बैठक भत्ता तथा पारिश्रमिक भुक्तानी ............ ३६
१९. लेखा टिप्पणीहरु ............ ३८
२०. संयुक्त ब्यालेन्स सिट (वासलात) ............ ४४
२१. संयुक्त आय विवरण ............ ४५
२२. सारांश विवरण ............ ४६
२३. चार्टहरु ............ ४७

**संचालक समितिको तर्फबाट**
**नागरिक लगानी कोषको एक्काइसौं वार्षिक साधारणसभामा**
**कोषका अध्यक्षद्वारा प्रस्तुत आ.व.२०७१/०७२ को**

# वार्षिक प्रतिवेदन

(ना.ल.को. ऐन, दफा २३ अनुसार)

**आदरणीय शेयरधनी महानुभावहरु,**

नागरिक लगानी कोषको एक्काइसौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न संस्थाका प्रतिनिधिहरु तथा उपस्थित सम्पूर्ण अतिथि महानुभावहरुलाई यस सभामा हार्दिक स्वागत तथा अभिवादन गर्दछु। यस गरिमामय सभामा कोष संचालक समितिको तर्फबाट कोषको आर्थिक बर्ष २०७१/०७२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

नागरिक लगानी कोषले सम्पादन गरेका कार्य तथा त्यसबाट प्राप्त उपलब्धी सम्बन्धी विवरणहरु प्रस्तुत गर्नु अगाडि यहाँहरु समक्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रको स्थिति, पुँजीबजारको अवस्था र यसबाट कोषमा परेको प्रभाव लगायतका विषयमा संक्षेपमा अवगत गराउन चाहन्छु।

## १. अन्तर्राष्ट्रिय अर्थतन्त्रको स्थिति :-

*सन् २०१६ मा विश्व अर्थतन्त्र ३.१ प्रतिशतले वृद्धि भएकोमा सन् २०१७ मा ३.५ प्रतिशत र सन् २०१८ मा ३.६ प्रतिशतले वृद्धि हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ। विकसित राष्ट्रहरुको अर्थतन्त्र सन् २०१६ मा १.७ प्रतिशतले वृद्धि भएकोमा सन्२०१७ र सन् २०१८ मा २.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। भारतीय अर्थतन्त्र सन् २०१६ मा ६.८ प्रतिशतले वृद्धि भएकोमा सन् २०१७ मा ७.२ प्रतिशत र सन् २०१८ मा ७.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। चीनको अर्थतन्त्र भने सन् २०१६ को ६.७ प्रतिशतको तुलनामा सन् २०१७ मा ६.६ प्रतिशत र सन् २०१८ मा ६.२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।

## २. राष्ट्रिय अर्थतन्त्रको स्थिति :-

*आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वको दृष्टिकोणले आर्थिक वर्ष २०७३/७४ उत्साहप्रद रह्यो। यस आ.व.मा यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) ६.९ प्रतिशतले वृद्धि हुने अनुमान छ। कृषि, उद्योग तथा सेवा क्षेत्रका गतिविधिहरुमा आएको सुधारका कारण आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनको लक्ष्य ६.५ प्रतिशत भन्दा केही माथि रहने देखिएको हो। अनुकूल मौसम, पर्यटक आगमनमा वृद्धि तथा समग्र आपूर्ति व्यवस्थामा आएको सुधारका कारण अर्थतन्त्र सकारात्मक दिशामा अगाडि बढेको छ।

*श्रोत : मौद्रिक नीति २०७४/७५

## ३. पुँजी बजारको अवस्था :

समीक्षा वर्ष २०७१/७२ मा धितोपत्र बजारमा अघिल्लो आ.व. को तुलनामा केहि सुस्तता देखिएको थियो। नेप्से सूचकांक आ.व.२०७१/७२ मा १०३६.११ बाट घटेर ९६१.२३ विन्दुमा पुगेको थियो। जुन वार्षिक विन्दुगत आधारमा आ.व. २०७२/७३ का तुलनामा ७८.७४ प्रतिशतले वृद्धि भई २०७३ असार

मसान्तमा १७१८.१५ विन्दुमा पुग्यो । बजार पूँजीकरणमा आ.व.२०७१/७२ मा ६.४ प्रतिशतले कमी आएको थियो । विगतमा जस्तै उक्त आ.व.मा पनि कारोवार हुने तथा बजारमा प्रवेश गर्ने कम्पनीहरुको सूचीमा बैंक तथा वित्तीय क्षेत्रकै बाहुल्यता कायमै रहेको देखिएको छ । यी विषयहरुलाई देहायको तालिकाले समेत स्पष्ट पारेको छ ।

**तालिका नं १ : धितोपत्र बजारको स्थिति**

रकम रु. करोडमा

| क्र.स. | विवरण | आ.व. २०७०/०७१ | आ.व. २०७१/०७२ | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ |
|---|---|---|---|---|---|
| १. | सूचीकृत संगठित संस्थाको संख्या | २३३ | २३२ | २२९ | २०८ |
| ३. | कारोबार रकम | ७७३०.०० | ६५३३.०० | १६३९५.०० | २०५०२.०० |
| ४. | बजार पूंजीकरण | १०५७१६.५८ | ९८९४०.०० | १८९०१३.०० | १८५६८३.०० |
| ६. | नेप्से परिसुचक (NEPSE Index) | १०३६.११ | ९६१.२३ | १७१८.१५ | १५८२.६७ |
| ७. | बजार पूंजीकरण मुल्यमा कारोबारको प्रतिशत | ७.३१ | ७.७२ | ८.६७ | ११.०४ |
| ८. | कुल गार्हस्थ उत्पादनमा बजार पूंजीकरणको प्रतिशत | ६०.११ | ५२.३७ | ८४.०५ | ७१.४४ |

*स्रोत: नेपाल धितोपत्र बोर्डको वार्षिक प्रतिवेदन, २०७२/०७३ र नेपाल स्टक एक्सचेन्ज*

आ.व.२०७१/०७२ मा धितोपत्र कारोवारमा १५.४८ प्रतिशतले घटेर रु.६५ अर्व ३३ करोडको कारोवार भएको थियो जुन अघिल्लो आर्थिक वर्षमा रु.७७ अर्व ३० करोड रहेको थियो । आ.व.२०७०/०७१ अघि २३३ को संख्यामा रहेका सूचीकृत संगठित संस्थाहरुको संख्या आ.व.२०७१/०७२ मा २३२ पुगेको छ । समीक्षा वर्षमा बजार पुँजीकरणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात अघिल्लो वर्षको तुलनामा १२.८८ प्रतिशतले घटेको छ ।

**अब यहाँहरु समक्ष कोषको आ.व.२०७१/०७२ सम्मको कारोबारको तुलनात्मक विवरण, यसले हासिल गरेको प्रगति तथा संचालनमा ल्याएका कार्यक्रमहरुको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु ।**

## ४. कोषका गतिविधि एवं कृयाकलापहरुको संक्षिप्त स्थिति :

**आदरणीय शेयरधनी महानुभावहरु,**

कोषका गतिविधि तथा क्रियाकलापहरु यसको ५ वर्षे दीर्घकालीन रणनीतिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य अनुसार तीन खम्बे व्यवसायिक क्षेत्र (3 pillars business plan) मा विभाजन गरी संचालन भइरहेका छन् । त्रिकोणीय व्यवसायिक क्षेत्र अन्तर्गत सञ्चालन तथा व्यवस्थापन भएका

कार्यक्रमहरुबाट समीक्षा अवधिमा कोषले हासिल गरेको प्रगति विवरणलाई संक्षिप्त रुपमा यहाँ प्रस्तुत गर्दछु ।

## ४.१. कोष परिचालन तथा कारोबार प्रगति :-

कोषबाट सञ्चालित विभिन्न बचत कार्यक्रमहरुबाट आ.व.२०७१/७२ मा रु.५४ अर्ब ९ करोड ८६ लाख खुद कोष रकम संकलन भएको थियो । यस्ता कार्यक्रमका सहभागीहरुलाई कार्यक्रमको प्रकृति अनुसार ४.५ देखि ८ प्रतिशतसम्म प्रतिफल प्रदान गरिएको थियो । आ.व.२०७१/७२ को बचत संकलनको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं २: आ.व. २०७१/७२ को कोष संकलनको तुलनात्मक स्थिति

रकम रु. करोडमा

| क्र. सं. | विवरण | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | बृद्धि % | आ.व. २०७२/७३* | आ.व. २०७३/०७४* |
|---|---|---|---|---|---|---|
| १. | क.ब.वृ.स्वीकृत अवकाश कोष | ३४८७.५३ | ४४६२.०३ | २७.९४ | ५३४५.०४ | ६२६९.२८ |
| २. | नागरिक एकांक योजना | ९९.५३ | १५५.४६ | ५६.१९ | २३९.७५ | १५१.१९ |
| ३. | पेन्सन/उपदान कोष योजना | ९३७.७३ | ११११.१६ | १८.४९ | १२२४.७८ | १४८९.४० |
| ४. | लगानीकर्ता हिसाब योजना | २३९.०४ | २८४.९५ | १९.०० | २६५.९० | ३२९.९० |
| ५. | बीमा कोष आयोजना | | | | | |
| | क. निजामती बीमा कोष | ३३९.७१ | ३७८.९९ | ११.५६ | ४१८.२७ | ४५३.७७ |
| | ख. शिक्षक बीमा कोष | २३४.५२ | २७०.०९ | १५.१७ | ३१७.२४ | ३५५.६३ |
| | ग. सैनिक वीमा कोष | ६७.८३ | १०७.९५ | ५९.१५ | १५०.४७ | २०४.४० |
| | ग. नार्क बीमा कोष | ३.३१ | ४.२९ | १८.८४ | ६.८० | ७.२० |
| | घ. नेपाल प्रहरी वीमाकोष | | | | २९.२५ | ६१.३८ |
| | ङ. सशस्त्र प्रहरी वीमाकोष | | | | १८.१४ | ३२.०२ |
| | खूद कोष | ५४०९.८६ | ६७७४.९२ | २५.२३ | ८०१५.६४ | ९३५४.५१ |

**लेखा परीक्षण हुन बाकी ।*

कोषबाट संञ्चालित कार्यक्रमहरुबाट संकलित रकमको तुलनात्मक स्थितिको विश्लेषण गर्दा आ.व.२०७०/७१को तुलनामा आ.व.२०७१/७२ मा खूद कोष संकलनमा २५.२३ प्रतिशतले वृद्धि भई रु.६७ अर्व ७४ करोड ९२ लाख पुगेको जानकारी गराउन चाहन्छु ।

कोषद्वारा संचालित यस्ता कार्यक्रमहरुमार्फत अवकाश कोषको दायरा विस्तार गरी राष्ट्रिय बचतमा अभिवृद्धि गराउन, सार्वजनिक तथा निजी संस्थाका कर्मचारीहरुको दायित्वहरु कोषमा आधारित बनाई सरकार तथा निजी संस्थामाथि भविष्यमा पर्न सक्ने आर्थिक ब्यायभार न्यून गराउन प्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका समेत कोषले निर्वाह गर्दै आएको छ ।

### ४.२. लगानी व्यवस्थापन र यसको अवस्था :

कोषको लगानी विविधीकरण हुन नसकिरहेको अवस्थामा कोषको लगानीलाई निश्चित ब्याज प्राप्त हुने मुद्दती निक्षेप, सरकारी ऋणपत्र, संगठित संस्थाको धितोपत्र, समयकालीन कर्जा र सहभागी सापटी तथा आवास कर्जामा मात्र सीमित गर्नुपर्ने अवस्था रहेको छ। कोषको शेयर पुँजी, जगेडा रकम तथा विभिन्न कार्यक्रमहरुबाट संकलित भएको रकम समेत गरी आ.व.२०७०/७१ को तुलनामा आ.व.२०७१/७२ मा कुल लगानी २६.०७ प्रतिशतले बृद्धि भई रु.५५ अर्ब ७९ करोड ९७ लाख पुगेको थियो।

लगानी सम्बन्धी तुलनात्मक विवरण तालिका नं ३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं ३ : आ.व.२०७१/७२को लगानीको तुलनात्मक स्थिति**

रकम रु. करोडमा

| क्र.सं. | लगानी संरचना | आ.व. २०७०/०७१ | आ.व. २०७१/०७२ | वृद्धि % | आ.व. २०७२/०७३* | आ.व. २०७३/०७४* |
|---|---|---|---|---|---|---|
| १. | नेपाल सरकारको ऋणपत्र | २४७.०४ | २५९.२० | ४.९ | १८०.९३ | १८०.९३ |
| २. | बैंक तथा वित्तीय संस्थामा रहेका निक्षेप | २०८९.५० | ३५३४.०० | ६९.१३ | ५७२४.३० | ६२७२.०० |
| ३. | समयकालीन कर्जा | ११०६.५३ | ५११.३७ | (५३.७८) | १९२.७२ | ६६७.०० |
| ४. | संगठित संस्थाको शेयर धितोपत्र | २९५.८८ | ३७८.४० | २७.८८ | ३८२.३५ | ४०३.५४ |
| ५. | सहभागी सापटी/आवास कर्जा | ६८६.८२ | ८९७.०० | ३०.६ | ११६८.११ | १६४३.८९ |
| | कुल लगानी | ४४२५.८० | ५५७९.९७ | २६.०७ | ७६४८.४१ | ९१६७.३६ |

*लेखा परीक्षण हुन बाकी।

कोषले लगानी गर्दा सुरक्षा र त्यसबाट प्राप्त हुने प्रतिफल तथा लगानी नीतिको परिधिभित्र रही लगानीका क्षेत्र र बजार अवसरहरुको लेखाजोखा तथा लगानीसम्बन्धी नीति तथा कार्यक्रमहरु तर्जुमा र पहिचान गरी लगानी गर्ने गरिएको छ। लगानीका क्षेत्र सीमित भएको कारण यसको ठूलो हिस्सा अझै पनि बैंक तथा वित्तीय क्षेत्रको मुद्दती निक्षेपमा केन्द्रित रहेको छ। लगानीको वातावरण सुधार हुंदै आएकोले आगामी दिनमा लगानीलाई विविधीकरण गरी उत्पादनशील क्षेत्रमा विस्तार गर्ने तर्फ कार्य भइरहेको जानकारी गराउन चाहन्छु।

### ४.३. पूंजीबजार सेवा सम्बन्धी कारोबारको स्थिति :-

मर्चेन्ट बैंकिङ्ग सम्बन्धी सेवामा आर्थिक वर्ष २०७१/०७२ मा कोषको सार्वजनिक शेयर निष्काशन तथा बिकी प्रबन्धक लगायत प्रत्याभूति प्रबन्ध तथा शेयर रजिष्ट्रार सेवाको कुल कारोबार रु.९ अर्ब ९७ करोड

८२ लाख पुगेको थियो । उक्त बर्ष मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोबारमा लक्ष्यअनुरुप नै प्रगति हासिल भएको थियो । समीक्षा अवधिमा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोबारमा हासिल भएको प्रगति सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४ : पुँजीबजार सेवाको कारोबार विवरण**

रकम रु. करोडमा

| क्र. सं. | विवरण | आ.व. २०७०/०७१ | आ.व. २०७१/०७२ | वृद्धि/न्युन | आ.व. २०७२/०७३* | आ.व. २०७३/०७४* |
|---|---|---|---|---|---|---|
| १. | निष्काशन तथा बिक्री प्रबन्धक | ९३.५४ | ६४६.८४ | ५९१.५१ | ७४५.०० | सम्झौता |
| २. | रजिष्ट्रार सेवा | ३४६.०९ | ३५०.९४ | १.४ | ५०३.२० | ३७४.२ |
| ३. | डिवेन्चर ट्रष्टी | २०.०० | - | - | - | - |
| | जम्मा | | ९९७.८२ | १२५.९४ | १२४८.२० | ३७४.२ |

*लेखा परीक्षण हुन बाकी ।

यस वर्ष वित्तीय संस्थाको रु.६ अर्ब ४६ करोड ८४ लाख बराबरको प्राथमिक शेयर निष्काशन तथा विक्री प्रबन्धकको कार्य सम्पन्न गरिएको थियो भने शेयर रजिष्ट्रार सेवातर्फ ३ वटा संगठित संस्थाको रु.३ अर्ब ५० करोड ९४ लाख बराबरको सेवा प्रदान गरिएको थियो । यस्ता सेवाहरु प्रदान गरी आर्थिक वर्ष २०७१/७२ मा रु.१ करोड २० लाख ७० हजार आम्दानी गरिएको थियो । आ.व. २०७०/७१ सम्ममा डिवेन्चर ट्रष्टीको कार्य गरिएकोमा समीक्षा वर्षदेखि कोषले डिवेन्चर ट्रष्टीको कार्य बन्द गरेको हो ।

## ५. वित्तीय नतिजा र मुनाफा :-

आर्थिक वर्ष २०७१/७२ मा कोषले आर्जन गरेको मुनाफा र वित्तीय विवरण देहायअनुसार रहेको छ ।

### ५.१. सञ्चालन तथा मुनाफाको स्थितिः-

आर्थिक वर्ष २०७०/०७१ मा रु.३७ करोड १० लाख ७७ हजार कूल आम्दानी र करपछिको नाफा रु.१८ करोड ८४ लाख १५ हजार रहेको थियो । आर्थिक वर्ष २०७१/०७२ मा कोषले रु.४८ करोड ६८ लाख ९७ हजार कुल आम्दानी र रु.१८ करोड ६१ लाख ४६ हजार खुद मुनाफा गर्न सफल भएको थियो । यस सम्बन्धी विस्तृत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं ५ :सञ्चालन तथा मुनाफाको स्थितिः

रकम रु. लाखमा

| क्र.सं. | विवरण | आ.व. २०७०/०७१ | आ.व. २०७१/०७२ | बृद्धि/न्युन प्रतिशत | आ.व. २०७२/०७३* | आ.व. २०७३/०७४* |
|---|---|---|---|---|---|---|
| १. | कूल आय | ३१७०.७७ | ४८६८.९७ | ३१.२१ | ५४३६.७६ | ५७८८.०० |
| २. | कूल खर्च | ११५८.६५ | १६४८.१६ | ४२.२५ | १६६०.६४ | १८९४.०० |
| ३. | खुद नाफा (करअघि) | २५५२.१२ | ३२२०.८० | २६.२० | ३७७६.१२ | ३८९४.०० |
| ४. | आयकर | ६६७.९७ | ८६३.३३ | २९.२५ | १०३६.०० | १०४८.०० |
| ५. | करपछिको नाफा | १८८४.१५ | १८६१.४६ | (१.२०) | २८२७.०० | २८४५.०० |

*लेखा परीक्षण हुन बाँकी ।

## ५.२. नाफा-नोक्सान बाँडफाँडको स्थितिः-

कोषको आर्थिक वर्ष २०७१/०७२ को करपछिको खुद नाफा रु.१८ करोड ६१ लाख ४६ हजार र आ.व. २०७०/०७१ को बाँडफाँड गर्न बाँकी मुनाफा रु.२२ लाख ९५ हजार समेत गरी बाँडफाँडयोग्य रकम रु.१८ करोड ८४ लाख ४१ हजार रहेको थियो । उक्त रकमबाट नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४० र ४१ मा भएको व्यवस्था अनुसार रु.३ करोड ७२ लाख २९ हजार साधारण जगेडामा राखी बाँकी रकम मध्येबाट २१.८५ प्रतिशत बोनस शेयर र १.१५ प्रतिशत नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि छुट्ट्याइएको) वितरणको लागि शेयरधनी समक्ष सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

## ६. आर्थिक वर्ष . २०७३/०७४ को आषाढ मसान्तसम्मको कोषको संक्षिप्त प्रगति समीक्षा :-

**आदरणीय शेयरधनी महानुभावहरु,**

आर्थिक वर्ष २०७३/०७४ मा कोषमा वचत बृद्धि स्वीकृत अवकाश कोष कार्यक्रम, पेन्सन/उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना, बीमा कोष योजनाजस्ता बचत परिचालनसँग सम्बन्धित कार्यक्रम तथा पुँजीबजार सम्बन्धी सेवालाई निरन्तर रुपमा सञ्चालन गरिएको छ । आ.व. २०७२/७३ देखि नेपाल प्रहरी वीमा कोषका अतिरिक्त सशस्त्र प्रहरी वीमा कोष कार्यक्रम जस्ता थप कार्यक्रमहरु पनि संचालनमा ल्याइएको छ। कोषद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुलाई विगतको तुलनामा थप प्रभावकारी र व्यवस्थित बनाएका छौं ।

**आर्थिक वर्ष २०७३/७४ को वचत परिचालन र लगानी व्यवस्थापनको अवस्था यसप्रकार रहेको छ ।**

## ६.१ बचत संकलन :

आ.व.२०७३/०७४ को आषाढ मसान्तसम्ममा कोष संकलन उच्चदरमा वृद्धि भएको छ। पछिल्लो तथ्यांक अनुसार आर्थिक वर्ष २०७१/०७२ मा रु.६७ अर्व ७४ करोड पुगेको कोष संकलन आ.व. २०७२/७३ मा

रु.८० अर्ब १५ करोड ६४ लाख पुगि आ.व.२०७३/७४ को आषाढ मसान्तसम्ममा रु.९३ अर्ब ५४ करोड ५१ लाख पुगेको छ । बचत कार्यक्रमको दायरा अन्तराष्ट्रियस्तरमा समेत विस्तार गरी बिदेश स्थित नेपाली कामदारहरुलाई सामूहिक लगानी कोष कार्यक्रममा सहभागी गराउन International Fund for Agriculture Development (IFAD) को समन्वयमा नागरिक एकांक योजना (Citizen Unit Scheme) विक्री गर्ने सम्वन्धी कार्य अगाडि बढेको जानकारी गराउन चाहन्छु ।

**६.२ लगानी व्यवस्थापन :**

नागरिक लगानी कोषले आ.व.२०७२/०७३ को आषाढ मसान्तसम्ममा विभिन्न क्षेत्रमा गरी रु.७६ अर्ब ४८ करोड ४१ लाख लगानी गरेको थियो । आ.व.२०७३/७४ को आषाढ मसान्तमा यस्तो लगानी रु.९१ अर्ब ६७ करोड ३६ लाख पुगेको छ । सहभागीहरुलाई दिइने आवाश कर्जाको सीमा बढाई रु.४० लाख पुर्‍याइएको छ । सहभागीहरुलाई रु.२० लाख सम्मको सरल कर्जा र रु.३५ लाख सम्मको शैक्षिक कर्जा पनि प्रदान गरिने व्यवस्था मिलाइएको छ ।

**६.३ पुँजीबजार सेवा :**

कोषले पुँजीबजार सेवा अन्तर्गत मर्चेन्ट बैकिङ्ग कारोबारमा आ.व. २०७२/७३ मा जलविद्युत विकास कम्पनीको रु.२ अर्ब बराबरको IPO तथा नेपाल इन्भेष्टमेन्ट बैंकको रु.५ अर्ब ४५ करोड बराबरको FPO समेत गरी रु. ७ अर्ब ८३ करोड बराबरको साधारण तथा हकप्रद शेयर निश्कासनको काम सम्पन्न गरेको छ । स्टक डिलरको कार्य गर्ने सम्वन्धमा सिफारिस तथा स्वीकृतिको लागि नेपाल स्टक एक्सचेन्जमा प्रस्ताव पेश गरिएको जानकारी गराउन चाहन्छु ।

**६.४ संकटग्रस्त बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप असुली** :

विगतमा कोषको मुद्दती निक्षेप रहेका विकास वैंक तथा फाइनान्स कम्पनीहरु संकटग्रस्त हुंदा कोषको रु.१ अर्ब १२ करोड लगानी जोखिममा परेको थियो । यस अवधिमा हामीले यस्ता १० संस्थाहरुमा रहेको कोषको निक्षेप लगानीको ६० प्रतिशत भन्दा वढी अर्थात् रु.६७ करोड ७७ लाख बराबरको रकम उठाउन सफल भएको छौं ।

**६.५ सुचना प्रविधि :**

कोषका सेवाग्राही तथा सरोकारवालाहरुलाई आवश्यक सूचना प्रदान गर्न विद्युतिय माध्यमको रुपमा विगतमा कोषको वेभसाइट मात्र प्रयोग भई आएकोमा हाल आधुनिक सूचना प्रणालीद्वारा सूचना दिन कोषको छुट्टै एप्लिकेशन (CIT Apps) को विकास गरी सेवाग्राहीलाई आफनो खातामा जम्मा भएको रकम र कारोवारको जानकारी गराउने कार्य प्रारम्भ गरिएको छ । कोषको केन्द्रीय कार्यालय र काठमाडौं बाहिर रहेका दुई शाखा कार्यालयहरुमा समेत Intranet जडान गरी कोषद्धारा प्रदान गरिने सबै सेवाहरु उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।

**७. भावी योजना तथा कार्यक्रम :-**

नागरिक लगानी कोष ऐनले निर्दिष्ट गरेका काम, कारवाही र अधिकारको उचित प्रयोगबाट संस्थालाई प्रभावकारी ढंगबाट अगाडि बढाउँदै सहभागी तथा शेयरधनीहरुलाई अधिकतम प्रतिफल तथा गुणस्तरीय

सेवा उपलब्ध गराउन निम्नानुसारको भावी योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ।

### ७.१ बचत संकलनको क्षेत्र विस्तार :-

बिदेश स्थित नेपाली कामदारहरुलाई सामूहिक लगानी कोष कार्यक्रममा संलग्न गराइने तथा स्वरोजगार तथा पेशागत समूहका व्यक्तिहरुलाई अवकाश कोष कार्यक्रममा सहभागी गराइने कोषको भावी योजना रहेको छ।

### ७.२ लगानीको क्षेत्र तथा दायरा विस्तार :-

मुद्दती निक्षेपमा रहेको लगानीलाई विविधीकरण गरी विभिन्न उत्पादनशिल क्षेत्रमा विस्तार गरिने छ। कोषको शाखा कार्यालयहरुबाट समेत आवाश कर्जा, शैक्षिक कर्जा र सरल कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

### ७.३ पूंजीबजार सेवा विस्तार :-

दोस्रो बजारमा संस्थागत लगानीकर्ता/स्टक डिलरको रुपमा नियमित कारोवार गरी पुंजी बजारलाई गतिशील र प्रभावकारी बनाउने योजना रहेको छ।

### ७.४ मानव संसाधन विकास :-

कोषका कर्मचारीहरुलाई बजारमा प्रतिस्पर्धी र सेवामुखी बनाउन आवश्यकता अनुसार स्वदेश तथा विदेशमा तालिम दिने व्यवस्था मिलाइने छ। कोषमा मानव संसाधन व्यवस्थापन क्यालेण्डर बनाई लागू गरिने छ। कोषको कर्मचारी सेवा शर्त नियमावलीलाई समयानुकुल परिमार्जन तथा सुधार गरिने छ।

### ७.५ सूचना प्रविधिको विकास :-

ई–सर्भिस सेवालाई समयानुकुल सुधार गर्दै लगिने छ। NLK Web Based Integrated Software विकास गर्ने लक्ष्य अनुरुप कार्य अगाडि बढिरहेको छ। कोषको डाटा सेन्टरमा Dual पावर सिस्टमको व्यवस्था गरिने छ। साथै देशभित्रका दुई स्थानमा Disastor Recovery को लागि कोषको Data Back Up राखिने छ।

### ७.६ शाखा कार्यालयहरुको सुदृढिकरण एवं सेवा विस्तार :-

हाल संचालनमा रहेका शाखा कार्यालयहरुलाई थप सुदृढ बनाउनुका साथै सेवा विस्तार गर्दै लगिने छ भने आवश्यकता अनुरुप कोषबाट प्रवाह हुने सेवामा सेवाग्राहीहरुको पहुंच बढाउने व्यवस्था मिलाइने छ।

### ७.७. ऐन, नियमावली तथा कार्यविधिमा परिमार्जन :-

कोषको ऐन , विनियम तथा कार्यविधिहरुलाई समयानुकुल शंसोधन, सुधार तथा परिमार्जन गरिने छ।

## ८. गत वर्षको साधारण सभामा शेयरधनीले उठाएका विषयहरु :-

गत साधारणसभामा शेयरधनी महानुभावहरुले उठान गर्नुभएका महत्वपूर्ण विषय, दृष्टिकोण र सुझावहरुको कार्यान्वयनको अवस्था तथा तत्सम्वन्धमा भइरहेको प्रगतिहरु निम्नअनुसार रहेको जानकारी

गराउन चाहन्छु ।

### ८.१ बचत परिचालनको सम्बन्धमा :-

कोषले विदेश स्थित नेपाली कामदारहरुलाई समेत लक्षित गरी कार्यक्रम विस्तार गर्नुपर्ने तपाईंहरुको सुझावलाई मनन् गर्दै कोषले IFAD को समन्वयमा आगामी दिनमा "नागरिक एकांक योजना" लक्षित समूहलाई विक्री गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको जानकारी गराउन चाहन्छु ।

### ८.३ लगानी सम्बन्धमा :-

कोषको लगानीलाई विविधीकरण गर्नुपर्ने यहाँहरुको सुझावलाई मध्येनजर गर्दै नेपाल सरकारको जमानतमा राष्ट्रिय ध्वजावाहक विमान खरीद गर्न दीर्घकालीन लगानीको रुपमा नेपाल वायुसेवा निगमलाई रु.१२ अर्व ऋण लगानी गर्ने सम्झौता भएको छ । साथै राष्ट्रिय गौरवका अन्य आयोजनाहरुमा लगानी गर्ने सम्बन्धमा सरोकारवाला निकायसंग छलफल भईरहेको अवगत गराउन चाहन्छु ।

### ८.४ शाखा विस्तारलगायत अन्य विषय :-

मुलुकभरका सेवाग्राहीको पहुँचलाई वृद्दि गर्न थप शाखाहरु विस्तार गरी सेवालाई सर्वसुलभ गराउनुपर्ने यहाँहरुको सुझावलाई दृष्टिगत गरी कोषबाट उपलब्ध गराइने सेवामा सहज पहुँच विस्तार गर्ने गरी पोखरा र विराटनगरमा शाखा संचालनमा आइसकेको छ । आगामी दिनमा कोषबाट उपलब्ध गराइने सेवालाई थप पहुँचयोग्य बनाउने योजना समेत रहेको छ ।

### ८.५ पुँजीबजार सेवा विस्तारको सम्बन्धमा :-

कोषले संस्थागत लगानीकर्ता/स्टक डिलरको कार्य गर्नुपर्ने यहाँहरुको सुझाव अनुसार उक्त कार्य संचालन गर्न सम्वन्धित निकायमा स्वीकृति लिने प्रक्रिया अगाडि बढाइएको छ ।

### ८.७ भवन निर्माण सम्वन्धमा :

कोषले नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जग्गा खाली गराई प्रयोगमा ल्याउन नसकेको सम्बन्धमा यहाँहरुले गर्नुभएको टिप्पणीलाई गहन रुपमा लिदैं लामो समय देखि अनधिकृत रुपमा तरकारी बजार संचालन रहेको सो जग्गा स्थानीय प्रशासन समेतको सहयोगमा २०७३ मंसिर २५ गते खाली गराइएको छ । उक्त जग्गामा कोषको कार्यालय भवन निर्माण गर्नका लागि नक्सा पास समेत सम्पन्न भएको जानकारी गराउन चाहन्छु ।

## ९. सम्भावना र चुनौतीहरु :

कोषको सम्भावना र अवसरहरु तथा समस्या र चुनौतीहरु निम्न अनुसार रहेको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

### ९.१. सम्भावना एवं अवसर :-

- आम नागरिकको यस कोषप्रतिको सकरात्मक झुकावलाई उपयोग गर्दै कार्यक्रमको क्षेत्र र दायरा विस्तार गर्ने अवसर रहेको छ ।

- स्वरोजगार समूहलाई स्वीकृत अवकाश कोषमा समेट्न सकिने अवसर रहेको छ ।
- वर्षेनी बढिरहेको बचतलाई राष्ट्रिय स्तरको उत्पादनशिल क्षेत्रमा लगानी गर्न सक्ने अवसर रहेको छ ।
- कोषले प्रदान गर्ने सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाई सहभागी संस्था तथा कर्मचारीहरुको सहभागीता तथा आवद्धता बढाउन सकिने अवसर रहेको छ ।

### ९.२. समस्या तथा चुनौती :

- लगानीको विविधीकरण गरी उत्पादनशिल क्षेत्रमा लगानी गर्ने चुनौती रहेको छ ।
- कोषको एकीकृत सफ्टवेयर विकास गरी सहभागीहरुलाई छिटो छरितो र भरपर्दो सेवा प्रदान गर्न कोषका सेवालाई आधुनिक प्रविधिमैत्री बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

कोषमा विद्यमान उपरोक्त सम्भावना तथा अवसरको उपयोग गर्दै समस्या एवं चुनौतीहरुलाई समाधान गरी लगानीको विविधीकरण गर्दै उत्पादनशिल क्षेत्रमा लगानी गरी नाफामुलक बनाउन प्रयास गरिने छ । साथै कोषको उद्देश्य हासिल गर्न शेयरधनी महानुभावहरुबाट पनि विगतमा जस्तै उपयुक्त सल्लाह, सुझाव र सहयोग प्राप्त भइरहने विश्वास लिएको छु ।

## १०. सञ्चालक समितिमा भएको हेरफेर :

कोष सञ्चालक समितिका अध्यक्ष तथा विभिन्न संस्था र निकायका तर्फबाट प्रतिनिधित्व गर्नुभएका केही संचालक सदस्यहरु परिवर्तन हुनुभएको शेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहन्छु ।

नेपाल सरकारद्वारा नियुक्त हुनुभएका कोष सञ्चालक समितिका अध्यक्ष तत्कालीन राजश्व सचिब श्री राजन खनालको स्थानमा हाल नेपाल सरकारको पूर्वसचिव श्री महाश्रम शर्मा म आफै नेपाल सरकारबाट नियुक्त भई कार्य गरिरहेको व्यहोरा अनुरोध गर्न चाहन्छु । संचालक सदस्यहरु क्रमशः सहसचिव श्री सूर्य प्रसाद आचार्य, सहसचिव श्री आनन्दराज ढकाल र सहसचिव श्री मधु कुमार मरासिनीज्यूले यस विचमा अर्थमन्त्रालयको तर्फबाट कोष संचालक सदस्यको रुपमा कार्य गर्नुभएकोमा हाल सो स्थानमा नेपाल सरकारका सहसचिव श्री केवल प्रसाद भण्डारी मनोनयन भई आउनुभएको जानकारी गराउन चाहन्छु ।

कोष सञ्चालक सदस्यमा राष्ट्रिय बीमा संस्थानको तर्फबाट श्री प्रमोद भट्टराई तथा नेपाल स्टक एक्सचेन्जको तर्फबाट श्री सीताराम थपलियाले प्रतिनिधित्व गर्नुभएकोमा हाल सो स्थानमा क्रमशः श्री सुरेन्द्र थापा र श्री निरन्जन फुयाल मनोनित भई आउनुभएको छ ।

बैंक तथा वित्तीय संस्थाको तर्फ घ समूहबाट श्री भरत बस्नेत कोषको सञ्चालक सदस्य रहनुभएको छ भने कोषको सर्वसाधारण शेयरधनीको तर्फ ङ समूहबाट प्रतिनिधित्व हुने कोष संचालक सदस्यको स्थान हाल रिक्त रहेको र यसै साधारण सभाबाट बैंक तथा वित्तीय संस्था तथा सर्वसाधारण शेयरधनीको तर्फबाट रहने प्रतिनिधिको निर्वाचन कार्यक्रम रहेको जानकारी दिन चाहन्छु ।

यसरी कोषको संचालक समितिमा अध्यक्ष तथा संचालक सदस्यको रुपमा कार्य गरी कोषको प्रगतिमा सक्रिय तथा रचनात्मक योगदान पुऱ्याउनु भएका पूर्व अध्यक्षज्यू तथा संचालक सदस्यज्यूहरुलाई हार्दिक

आभार एवं धन्यवाद ज्ञापन गर्दछु ।

**११. धन्यवाद ज्ञापन :**

कोषलाई शेयरधनी महानुभावहरुबाट निरन्तर रुपमा प्राप्त भैरहेको अमूल्य सहयोग, सद्भाव र सुझावको निमित्त म हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु । कोषको प्रगतिमा सदैव सहयोग पुऱ्याउने महालेखा परीक्षकको कार्यालय, नेपाल सरकार अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा अन्य सहयोगी संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। कोषलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुक तथा सहभागीहरुप्रति संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट समेत धन्यवाद दिन चाहन्छु ।

कोष परिवारको रुपमा कार्यरत रहँदै कोषको उन्नति र प्रगतिमा लगनशीलताका साथ लागिरहनुभएका कोष व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी वर्गलाई धन्यवाद दिन चाहन्छु। आगामी दिनमा यहाँहरु सबैबाट विगतमा जस्तै कोषको प्रगतिका लागि रचनात्मक सहयोग, सद्भाव र सुझाव प्राप्त भइरहने छ भन्ने अपेक्षा गरेको छु ।

धन्यवाद !

महाश्रम शर्मा
**अध्यक्ष**
सञ्चालक समिति
२०७४ भाद्र १६

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(संगठित संस्था महानिर्देशनालय)

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal

प.सं. : २०७४।७५
च.नं. : ४१

मिति : २०७४।४।९

श्री अध्यक्षज्यू,
नागरिक लगानी कोष,
नयाँ बानेश्वर, काठमाडौं ।

विषय : **अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

**१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसै साथ नागरिक लगानी कोषको २०७२ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभुत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वियन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

**३. लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवासायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

e-mail: oagnep@ntc.net.np, info@oag.gov.np
Web page : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. **स्थिर सम्पत्ति :** नागरिक लगानी कोषको बानेश्वर स्थित प्रधान कार्यालयको जग्गा/भवन वापतको मालपोत दस्तुर रु.१ करोड ७ लाख भुक्तानी तथा लेखाङ्कन गरेको पाइएन । रु.७२ करोड ६९ लाख ८८ हजारको जग्गा तथा भवन कर्मचारी बचत बृद्धि अवकाश कोषको नाममा रहेको र सो जग्गा तथा भवन केन्द्र हिसाब तथा समग्र योजना/कार्यक्रमहरुले भोगचलन गरेकोमा कोषले कर्मचारी बचत बृद्धि अवकाश कोषमा मात्र लेखाङ्कन गरी केन्द्रीय हिसाबमा स्थानान्तरण गरेको छैन । साथै कोषले बर्षान्तमा स्थिर सम्पत्तिहरुको भौतिक परिक्षण गरेको छैन ।

४.२. **लगानी :** कोषले केन्द्र तथा कार्यक्रम/योजनाहरुमा कुल लगानी बाँडफाँड गरी वित्तीय विवरणमा प्रस्तुत गर्दा सोको नीति तथा लगानी आधार तर्जुमा गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई प्रस्तुत गरेको छैन । साथै नयाँ हरेक लगानीलाई योजनाको मौजुदा नगद (Available Cash) को आधारमा बाँडफाँड गरेको छैन ।

४.३. **समस्याग्रस्त संस्थाहरुमा रहेको मुद्दती निक्षेपः** समस्याग्रस्त बैङ्क तथा वित्तीय संस्थाहरुमा भुक्तानी अवधि नाघेको मुद्दती निक्षेपहरुलाई नेपाल लेखामान अनुसार वित्तीय विवरणमा चालु सम्पत्ति (लिनुपर्ने हिसाब) अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा लगानी शीर्षक अन्तर्गत प्रस्तुत गरेको देखिन्छ ।

मुद्दती निक्षेपको लगानीबाट प्राप्त हुने व्याज आम्दानीलाई प्रोदभावी (Accrual) का आधारमा लेखाङ्कन गरी आम्दानी जनाईएको छ । मुद्दती निक्षेपको व्याज आम्दानीको गणना गर्ने तरिका सम्बन्धी अन्य व्यवस्था सम्बन्धित मुद्दती निक्षेपमा उल्लेखित शर्त र अवस्था (Terms & Conditions) का आधारमा गरिएको छ ।

२.३.१.३. **सरकारी सुरक्षणपत्रको लगानीमा प्राप्त हुने व्याज**

सरकारी सुरक्षणपत्रहरु जस्तो ट्रेजरी बिल, बचतपत्र, विकास ऋणपत्र आदिमा भएको लगानीबाट आर्जित व्याजलाई प्रतिफलमा आधारित भई प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गरिएको छ । छुटमा खरिद भएको सुरक्षणपत्रको लगानीबाट प्राप्त हुने व्याजमा सुरक्षण पत्रको छुट रकमलाई समानुपातिक अवधिको आधारमा समायाजेन गरी आम्दानी जनाउने नीति रहेको छ । प्रिमियममा खरिद भएको सुरक्षण पत्रको लगानीबाट प्राप्त हुने व्याजमा सुरक्षणपत्रको प्रिमियम रकमलाई समानुपातिक अवधिको आधारमा खर्च लेखांकन गरिएको छ । सरकारी सुरक्षणपत्रहरुको व्याज आम्दानीको गणना गर्दा सम्बन्धित सुरक्षणपत्रमा उल्लेखित शर्त र अवस्था (Terms and Conditions)का आधारमा गरिएको छ ।

२.३.१.३. **लाभांश आम्दानी**

शेयर लगानीबाट प्राप्त हुने लाभांशलाई नगद प्राप्तिको आधारमा आम्दानी जनाउने नीति लिइएता पनि त्यस्तो लाभांश प्राप्त गर्ने अधिकार प्राप्त भइसकेको छ भने प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गरी आम्दानी जनाईएको छ । तर शेयर लगानीमा प्राप्त भएको बोनस शेयरलाई आम्दानी जनाइएको छैन ।

२.३.१.४. **कल खाताबाट प्राप्त हुने व्याज**

योजनाका विभिन्न बैंकमा रहेका Call Account बाट प्राप्त भएको व्याजलाई यस शिर्षक अन्तर्गत छुट्टै लेखाङ्कन गरिएको छ ।

२.३.१.५. **शेयर बिक्री आम्दानी**

शेयर बिक्री मुल्य र लागत मूल्यको अन्तरलाई शेयर बिक्री आम्दानीमा लेखाङ्कन गरिएको छ ।

२.३.१.६. **व्याज मूल्तबी**

नेपाल राष्ट्र बैकले सकंटग्रस्त घोषणा गरेको बैंक तथा बित्तीय सस्थाहरूमा रहेको मुद्दतीको लगानीबाट प्राप्त हुनुपर्ने व्याज रकमलाई आम्दानी नजनाई व्याज मूल्तबी हिसाबमा देखाउने नीति रहेको छ । जुन आ.व.मा व्याज रकम प्राप्त हुन्छ सोही आ.व.मा कोषले नगद प्राप्तीको आधारमा आम्दानी लेखांकन गर्ने निर्णय लिएको छ ।

२.३.२. **खर्चको लेखाङ्कन**

२.३.२.१. **संचालन खर्च**

कार्यालय संचालन सम्बन्धी खचर्हरु प्रोदभावी (Accrual) आधारमा लखोङ्कन गर्नेगरी आर्थिक वर्षको अन्त्यमा भुक्तानी गर्नबाकी खर्चको सम्बन्धित शीर्षकमा खर्चजनाई दायित्वको व्यवस्था गरिएको छ ।

२.३.२.२. **व्याज खर्च**

सबै प्रकारका व्याज खर्चलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ । कोष रकममा व्याज गणना नेपाली क्यालेन्डर अनुसार बैंक भौचर दाखिला मितिले दिन गन्तिको आधारमा गरिएको छ । योजनाको कोषमा प्रदान गरिने व्याजलाई प्रोदभावी आधारमा लेखाङ्कन गरी आर्थिक वर्षको अन्त्यमा लगानीकर्ता कोषमै पु-जीकृत गरिएको छ ।

२.३.३. **लगानीको लेखाङ्कन**

२.३.३.१. **शेयर तथा डिबेन्चर :**

सबै प्रकारका शेयर तथा डिवेन्चरको लगानीहरु लागत मूल्यमा लेखाङ्कन गरिएको छ । शेयर तथा डिबेङचरको लागत मूल्य (Cost Price) र बजार मूल्य (Market price) जुन घटी हुन्छ, त्यसको आधारमा लेखाङ्कन गरिएको छ । तर शेयरमा गरिएको लगानीको लेखाङ्कन गरिएको मूल्यभन्दा बजार मूल्य कम हुन गएमा त्यस्तो फरक रकम बराबर नोक्सानी व्यवस्था (Provision) गरिने नीति लिइएको छ । योजनाले शेयर लगानी गरेको कुनै कम्पनीबाट बोनस शेयर प्राप्त भएमा सोको संख्यालाई छुट्टै लेखांकन गरिएको छ र उक्त शेयरको लागत मूल्य शून्य निर्धारण गरिएको छ । जुन सर्वमान्य लेखा सिद्धान्त अनुसार छैन ।

२.३.३.२. **सरकारी सुरक्षण पत्रः**

सबै प्रकारका लगानीहरु लागत मूल्यमा लेखाङ्कन गरिएको छ ।

२.३.३.३. **योजनामा लगानीः**

कोषले नागरिक एकांक योजना (Citizen Unit Scheme) मा योजना संचालन गर्दा रू.५०,००,००० (संस्थागत लगानीकर्ता) को रूपमा लगानी गरेको छ । उक्त लगानीलाई परल मूल्यांकन लेखांकन गरेको छ ।

२.३.४. **कर्जा लेखाङ्कन नीति**

प्रचलित कानूनी व्यवस्था बमोजिम योजनाले कर्जा प्रदान गर्दा त्यस्तो कर्जा असुली हुने पर्याप्त आधार खडा गरी कर्जालाई सा“वा रकममा देखाइने नीति लिइएको छ । योजनाले कोषको लगानी नीति, २०६९ अनुसार कर्जा तथा सापटमा कर्जा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था गर्ने नीति लिएको छ । तर योजनाले सहभागीहरूलाई प्रदान गरेको कर्जाको हकमा यो व्यवस्था लागू गरिने नीति लिइएको छैन । कोषको लगानी नीति, २०६९ अनुसार नेपाल सरकार वा नेपाल सरकारको जमानतमा प्रवाह भएको ऋणको हकमा कर्जा नोक्सानीको ब्यवस्था गर्नु नपर्ने नीति लिएको छ ।

२.३.५. **लगानी जोखिम व्यवस्था नीति**

नेपाल राष्ट्र बैंकले संकटग्रस्त घोषणा गरेको बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मुद्दती लगानी रकमको प्रत्येक बर्ष २० प्रतिशतका दरले हुने रकमलाई लगानी जोखिम व्यवस्था गर्ने नीति लिएको छ ।

२.४. **स्थिर सम्पती तथा ह्रासकट्टी**

**जग्गा**

स्वामित्व सम्बन्धि मान्य प्रमाणपत्रहरू भएका जग्गा जमिनलाई सम्पती पहिचान मापदण्डका आधारमा ऐतिहासिक लागत (Historical Cost) का आधारमा गरिएको छ ।

**फर्निचर, फिक्सर र अन्य अफिस सामाग्री**

फर्निचर फिक्चर र अन्य अफिस सामाग्रिको आयकर ऐनको ह्रासकट्टी दर प्रयोग गरी Historical Cost बाट संचित ह्रासकट्टी गरि लेखांकन गरिएको छ ।

**सवारी साधन**

सवारी साधनहरूको आयकर ऐनको ह्रासकट्टी दर प्रयोग गरी Historical Cost बाट संचित ह्रासकट्टी गरी लेखांकन गरिएको छ ।

- ह्रास कट्टी : कोषले ह्रास कट्टी गर्दा आयकर ऐन, २०५८ को दर अनुसार जिन्सी मालसामान खरिद भएको आर्थिक बर्षमा खरिद मितिदेखि नै घट्दो ह्रास कट्टी प्रणाली अपनाई ह्रास कट्टी गर्ने नीति लिएको छ ।
- पूंजिकृत नगरिएको सम्पती : रू.५,००० भन्दा कम मुल्यमा खरिद गरिएको वा १ बर्ष भन्दा कम टिक्ने सामानहरू खरिद गरिएको वर्षमा खर्च लेख्ने गरिएको छ ।
- कोषले आयकर ऐन, २०५८ तथा आयकर नियमावली २०५९ अनुसूची २ को २ (६) अनुसार ह्रास कट्टि गर्दा रू.२,०००। मूल्य भन्दा कम भएमा अतिरिक्त ह्रास खर्च वापत पूरै रकम लेखाङ्कन गरिएको छ ।

२.५. **जिन्सी मौज्दात**

- मसलन्द तथा छपाई सामग्रीहरूलाई खपतको आधारमा FIFO प्रणालीबाट हुन आउने रकम खर्च लेखी मौज्दात रहेकोलाई जिन्सी मौज्दातमा देखाउने नीति लिएको छ ।
- जिन्सी मौज्दातलाई सम्पूर्ण खरिद लागत, परिवर्तन गर्दा लाग्ने लागत र सामाग्रीहरू वर्तमान स्थान र अवस्थामा ल्याउ-दा लाग्ने लागतहरू समावेश गरी Net Realizable Value सामान्य व्यापारिक हिसाबले अनुमानित बिक्री मूल्यबाट अनुमानित कार्य सम्पन्न लागत र आवश्यक अनुमानित खर्चहरू घटाई निर्धारित मूल्य वा Cost मध्ये जुन कम हुन आउ-छ सोही मूल्यमा लेखांकन गरिएको छ ।

२.६. **जगेडा तथा मुनाफा**

- नागरिक लगानी कोष ऐन, २०४७ (पहिलो संसोधन मिति २०५४/०९/०२) अनुसार खुद आयको २० प्रतिशतले हुने रकम नाफा नोक्सान बाँडफाँड हिसाबबाट साधारण जगेडा कोषमा सार्ने गरिएको छ । अन्य जगेडामा गत बर्षदेखि देखाउदै आएको रकममा कुनै पनि परिवर्तन गरिएको छैन ।
- खुद आयको ५ प्रतिशतले हुने रकम नाफा नोक्सान वांडफांड हिसाबबाट कर्मचारी कल्याण ा कोषमा सारिएको छ ।

२.७. **ब्यवस्था**

- आयकर ब्यवस्था : कोषले आयव्यय हिसाबमा कर अगाडिको खुदनाफामा २५ प्रतिशतले हुन आउने रकमलाई लगानी नोक्सानी व्यवस्था, औषधी उपचार व्यवस्था र संचित बिदा व्यवस्थालाई मात्र समायोजना गरी आयकर व्यवस्था गरिसकिएको छ । कर लेखापरीक्षणबाट आयकर वापत ब्यवस्था गरिएको रकममा परिवर्तन आउन सक्नेछ ।
- वोनस ब्यवस्था : कर्मचारी वोनसको लागि कर अधिको मुनाफाबाट ८ प्रतिशतले हुन आउने रकम छुट्टयाउने नीति लिएको छ ।
- कोषले कर्मचारीहरूको उपदान, औषधि उपचार र संचित विदा वापतको ब्यवस्था गर्दा Actuarial Valuation को आधारमा ब्यवस्था गरेको छैन । जुन नेपाल लेखामान अनुसार सामन्जस्य छैन ।
- उपदान ब्यवस्था : कोषमा कार्यरत स्थायी कर्मचारीहरूको सेवा अबधिको आधारमा उपदान बापतको थप दायित्वलाई लेखांकन गर्ने नीति लिएको छ ।
- विदा तथा औषधीउपचार ब्यवस्था : कोषमा कार्यरत स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरूको सेवा अबधिको आधारमा कोषको नियम अनुरूप विदा तथा औषधी उपचार बापतको थप दायित्वलाई लेखांकन गर्ने नीति लिएको छ ।
- कोषले उपदान, बिदा तथा औषधी उपचार व्यवस्थालाई Actuarial Valuation गराई Long Term/Short Term Benefits छुट्टयाई वित्तिय विवरणमा प्रस्तुत गरेको छैन ।

३. **कानूनी मुद्दाहरु**

चालु बर्षमा कोषको विरूद्ध प्रतिवेदनको दिनसम्म ८ वटा कानूनी मुद्दाहरू अदालतमा विचाराधिन रहेको र कोषको विपक्षमा निर्णय भएको खण्डमा आउनसक्ने दायित्वहरू नगन्य हुने हु-दा त्यस्ता दायित्वहरूलाई सम्भावित दायित्वमा खुलासा गरिएको छैन ।

४। **Related Party Dislosure (सम्बन्धित व्याक्तिहरुसँगको कारोबारको विवरण)**

कोषले यस आ.ब. २०७१।७२ सम्ममा Directors, Key Management Personal and Associated Entity वा नीजका परिवारका सदस्यहरूस-ग गरिएको कारोबारका विवरण उल्लेख गरिएको छ ।

## बैठक भत्ता तथा पारिश्रमिक भुक्तानी:

| सि.नं. | पद | नाम | अवधि | बैठक भत्ता | पारिश्रमिक |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री शंकर प्रसाद अधिकारी | २०७१।०५।१८ देखि २०७२।०१।२३ | २५,०००।०० | |
| | | श्री नवराज भण्डारी | २०७२।०१।२३ देखि २०७२।०५।२७ | १५,०००।०० | |
| २ | सदस्य | श्री सूर्य प्रसाद आचार्य | २०७२।०१।१९ देखि २०७३।०६।११ | ३५,०००।०० | |
| | | श्री वालकृष्ण श्रेष्ठ | २०७०।०३।३१ देखि २०७१।०८।१४ | ३७,८७५।०० | |
| | | श्री भरत बस्नेत | २०७१।०१।१८ देखि हालसम्म | ५०,०००।०० | |
| | | प्रा.डा.गोबिन्दमान सिंह कार्की | २०७०।०२।२६ देखि हालसम्म | १,७५,०००।०० | |
| | | श्री जीवननाथ तिवारी | | २,२०,०००।०० | |
| | | श्री कृष्ण प्रसाद देवकोटा | २०७०।०१।०८ देखि २०७१।०७।०४ | २२,५००।०० | |
| | | श्री मधुसुदन पोखरेल | २०७१।०७।०४ देखि २०७१।११।२८ | ५०,०००।०० | |
| | | श्री गणेश प्रसाद पाण्डेय | २०७१।११।२८ देखि २०७२।०१।१९ | १७,५००।०० | |
| | | श्री मणिदेव भट्टराई | २०७०।०२।२६ देखि हालसम्म | १,४०,०००।०० | |
| | | श्री सीताराम थपलिया | २०७०।०३।२५ देखि हालसम्म | ४७,५००।०० | |
| | | श्री प्रमोद भट्टराई | २०६९।०९।०५ २०७१।०८।०३ | १२,५००।०० | |
| ५ | कार्यकारी निर्देशक | श्री अर्जुनलाल राजवंशी (का.मु.) | २०७०।०९।१६ देखि २०७१।०७।३० | २,४०,०००।०० | ९,४१,४५१।५० |
| | | श्री रामकृष्ण पोखरेल | २०७१।०८।०१ देखि हालसम्म | २,६७,५००।०० | ४,७६,१७८।०० |
| ६ | मुख्य व्यवस्थापक | श्री सुशिलकुमार अर्याल | | १,७५,०००।०० | ९,१३,३७२।३० |

## संचालकको प्रतिनिधित्व

| सि.नं. | बैंकको नाम | प्रतिनिधिको नाम | अवधि |
|---|---|---|---|
| १ | लक्ष्मी बैंक लि. | श्री रामकृष्ण पोखरेल | २०७१।०८।०१ – २०७२।०३।३१ |
| | | श्री शोभा श्रेष्ठ सुवेदी | २०७१।०४।०१ – २०७१।०७।३० |
| २ | सिटिजन्स् बैंक लि. | श्री अर्जुनलाल राजवंशी | २०७१।०४।०१ – २०७२।०३।३१ |
| ३ | लुम्बीनी बैंक लि. | श्री सुशीलकुमार अर्याल | २०७१।०४।०१ – २०७२।०३।३१ |
| ४ | एपेक्स डेभलपमेन्ट बैंक लि. | श्री छविरमण अधिकारी | २०७१।०४।०१ – २०७२।०३।३१ |

## व्यवस्थापकहरुसँग रहेको कोषको शेयर संख्या

| सि.नं. | व्यवस्थापकको नाम | शेयर संख्या |
|---|---|---|
| १ | श्री अर्जुनलाल राजवंशी | ३६१ |
| २ | श्री सुशील कुमार अर्याल | १५१ |

## Associated Entity सँग रहेको मुद्दती निक्षेप र व्याज आम्दानीको विवरण

| सि.नं. | बैंकको नाम | मुद्दती निक्षेपको विवरण (२०७१/०४/०१) | मुद्दती निक्षेपको विवरण (२०७२/०३/३१) | व्याज आम्दानी |
|---|---|---|---|---|
| १ | लक्ष्मी बैंक लि. | ८८,००,००,०००।०० | १,३०,००,००,०००।०० | ५,१३,५९,५७५।०० |
| २ | सिटिजन्स् बैंक लि. | ९९,००,००,०००।०० | १,४५,००,००,०००।०० | ६,५७,५८,५६१।०० |
| ३ | लुम्बीनी बैंक लि. | ४७,००,००,०००।०० | ९०,००,००,०००।०० | ३,०३,२६,९५८।०० |

नागरिक लगानी कोष
केन्द्रिय हिसाव
**आर्थिक वर्ष** २०७१.७२

**लेखा टिप्पणीहरु**

१. **पूंजी**

- आ.ब. २०७०।०७१ को प्रस्तावित तथा स्वीकृत बोनश शेयर रू.१५,७५,००,०००।०० लाई यस बर्ष पूंजिकरण गरिएको छ ।

२. **जगेडा तथा मुनाफा**

- नागरिक लगानी कोष ऐन, २०४७ अनुसार खुद आयको २० प्रतिशतले हुने रकम रू.३,७२,२९,२०३।००नाफा नोक्सान वांडफांड हिसाबबाट साधारण जगेडा कोषमा सारिएको छ ।
- खुद आयको ५ प्रतिशतले हूने रकम रू.९३,०७,३०१।०० नाफा नोक्सान वांडफांड हिसाबबाट कर्मचारी कल्याण कोषमा सारिएको छ ।

**कर्मचारी कल्याण कोष**

| **विवरण** | **आ.व.** २०७१/७२ | **आ.व.** २०७०/७१ |
|---|---|---|
| शुरू मौज्दात | ४,११,६२,१३९।०० | २,९१,५४,९३१।०० |
| थप | १,९६,३७,१४५।०० | १,२०,०७,२०७।०० |
| सापटी | ५,०५,३२,५२७।०० | ३,५२,१९,५२७।०० |
| बा-की | १,०२,६६,७५७।०० | ५९,४२,६११।०० |

३. **स्थिर सम्पत्ति तथा ह्रासकट्टी**

- ह्रास कट्टी : स्थिर सम्पत्तिमा व्यवस्थापनले आर्थिक कार्यबिधी बिनीयमावली, २०६८ अनुसार जिन्सी मालसामानको ह्रास कट्टी गर्दा आयकर ऐन अनुसारको दर अनुसार जिन्सी मालसामान खरिद भएको आर्थिक वर्षदेखि ह्रास कट्टी गर्ने नीति अनुरूप चालु आ.ब.मा रू.४५,८५,४७३।०० ह्रास कट्टी वापत खर्च लेखांकन गरिएको छ ।
- यस आर्थिक बर्षमा गत बर्ष जस्तै पूंजिकृत नगरिएको सम्पत्ति रू.२,०४,७२३।०० खर्च लेखिएको छ ।

४. **ब्यवस्था**

- आयकर ब्यवस्था : यस बर्ष आयकर वापत कर छुटको रकम गणना गरी रू.८,६३,३३,५१२।०० ब्यवस्था गरिएको छ । कर लेखापरीक्षण र आयकर निर्धारणबाट उक्त ब्यबस्थामा फरक पर्न आएमा सोहि बखत आबश्यक समायोजन गरिने छ । आ.ब. ०६६।६७ देखि कोषले २५

प्रतिशतका दरले आयकर ब्यवस्था गर्दै आएको र चालु आ.व. २०७१।७२ सम्ममा आ.व. २०६७।६८ को आन्तरिक राजस्व विभाग ठूला करदाता कार्यालयबाट कर निर्धारण भई कर निर्धारण आदेश अनुसारको रकम दाखिला गरेको छ ।

- वोनस ब्यवस्था : यस बर्ष कर्मचारी वोनसको लागि कर अधिको मूनाफाबाट ८ प्रतिशतले हुने रू.२,५७,६६,४५८।०० वोनस वापत छुट्टयाइएको छ ।
- उपदान ब्यवस्था : चालु आ.ब.मा कर्मचारी उपदान बापत रू.१,२२,१४,६२७।०० ब्यवस्था गरिएको छ ।
- विदा तथा औषधीउपचार ब्यवस्था : कोषमा कार्यरत स्थायी तथा करार सेवामा कार्यरत् कर्मचारीहरूलाई कोषको कर्मचारी शर्त सम्बन्धी नियमावलीमा ब्यवस्था भए बमोजिम संचित बिदा वापत स्थायी तथा करारमा सेवामा कार्यरत कर्मचारीहरूको लागि रू.५०,३८,६९१।०० थप दायित्व ब्यबस्था गरिएको छ ।
- कोषले लगानी जोखिम ब्यवस्था रकमलाई कुल लगानीमा घटाई वासलातमा लगानी जोखिम ब्यवस्था पछिको खुद लगानी रकम प्रस्तुत गर्ने नीति अनुसार यस आ.व. २०७१।७२ सम्मको कुल लगानी रू.१४,६०,९७,८७८।०० मा जोखिम ब्यवस्था वापतको रू.३,१९,१०,८८९।०० लाई न्यून गरि लगानी जोखिम ब्यवस्था पछिको खुद लगानी रू.११,४१,८६,९८९।०० वासलातमा प्रस्तुत गरी देखाइएको छ ।
- कोषले गत आर्थिक बर्ष जस्तै यस आ.ब.मा पनि नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त घोषित तथा सूधारात्मक कदम चालिएका बैंक तथा बित्तीय सस्थाहरूमा गरिएको कुल मूद्दती निक्षेप रू.३ करोडमा २० प्रतिशतका दरले हुने रकम रू.६० लाख चालु आ.व.मा लगानी जोखिम ब्यवस्था गरिएको र केन्द्रिय हिसाबको आ.ब.०७१।७२ सम्म कुल लगानी जोखिम ब्यवस्था रू.३ करोड देखाइएको छ ।

## ५. आम्दानी तथा खर्च

- कोषद्वारा संचालन गरिएका बिभिन्न न्यासधारी उपसमिती अन्तर्गतका योजनाहरूबाट आर्जित ब्यवस्थापन शुल्क आम्दानी बिबरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | कर्मचारी बचत बृद्धि अबकाश कोष | २२,७३,६१,६४०।०० |
| २ | उपदान कोष योजना | ११,११,०२,६९६।०८ |
| ३ | बिमा कोष योजना | १,७३,०५,००८।०० |
| ४ | लगानीकर्ता हिसाव योजना | २,८४,९४,६७६।८२ |
| ५ | नागरिक एकांक योजना | ७६,६८,३०३।९५ |
| ६ | शिक्षक बीमा कोष योजना | १,३५,३०,१३१।०० |

| | | |
|---|---|---|
| ७ | नेपाल सैनिक सावधिक जीवन बीमाकोष | ४६०८३४०।२७ |
| ८ | नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) | ४,००,०००।०० |
| | **कुल रकम रु.** | ४१,०४,७०,७९६.१२ |

- उपरोक्त योजनाहरूको हकमा अपरिस्कृत वित्तिय विवरणको आधारमा व्यवस्थापन शुल्क लेखांकन गरिएकोले अन्तिम लेखापरीक्षण पश्चात उक्त शुल्कमा फरक पर्न आएमा सोही बखत आवश्यक समायोजन गरिनेछ ।
- नेपाल शेयर मार्केटवाट प्राप्त हुनुपर्ने ब्याज आम्दानी रकम रू.१,७७,३४,०४३।०० लाई ब्याज आम्दानी नजनाई ब्याज मुल्तबी हिसावमा लेखांकन गरिएको छ ।
- नेपाल राष्ट्र बैंकबाट समस्याग्रष्त संस्थाहरूमा भएको मुद्दती निक्षेप मध्ये तपसिल अनुसार सावा तथा ब्याज जम्मा रू. प्राप्त भएको छ ।

| क्र. सं. | आ.व. | वितिय संस्थाको नाम | साँवा रकम | ब्याज प्राप्त रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | ०७२।७३ | गोर्खा विकास बैंक | ७,६६,४८,५७३।९७ | ३,४०,००,०००।०० | ११,०६,४८,५७३।९७ |
| | ०७३।७४ | | १,९२,००,०००।०० | ८,००,०००।०० | २,००,००,०००।०० |
| २ | ०७२।७३ | नेपाल शेयर मार्केट्स एण्ड फा.लि. | ८,९३,७०,३०६।०३ | ७,२०,००,०००।०० | १६,१३,७०,३०६।०३ |
| | ०७३।७४ | | २,९१,७४,८१२।२४ | १,०८,२५,१८७।७६ | ४,००,००,०००।०० |
| ३ | ०७२।७३ | क्रिष्टल फाईनान्स | | १,१५,५५,०००।०० | १,१५,५५,०००।०० |
| | ०७३।७४ | अरूण फाईनान्स | २,२९,२०,७३७।४५ | ७०,७९,२६२।५५ | ३,००,००,०००।०० |
| ५ | ०७२।७३ | वर्ल्ड मर्चेन्ट एण्ड फा.लि. | | ४,००,०००।०० | ४,००,०००।०० |
| ६ | ०७२।७३ | कुबेर मर्चेन्ट बैंकिङ एण्ड फा.लि. | | १,६२,५०,०००।०० | १,६२,५०,०००।०० |
| | ०७३।७४ | | | ४,०१,००,०००।०० | ४,०१,००,०००।०० |
| | | **जम्मा रकम** | २३,७३,१४,४२९.६९ | १९,३०,०९,४५०.३१ | ४३,०३,२३,८८०.०० |

**कोषको आउनुपर्ने आम्दानी हिसाबलाई देहाय बमोजिम देखाइएको छः**

| क्र.सं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आउनूपर्ने ब्याज आम्दानी | २,१५,०८,४८५।०० |
| २ | आउनूपर्ने सेवा शूल्क | ० |
| | **कुल रकम रु.** | २,१५,०८,४८५।०० |

- कर्मचारी वचत वृद्धि कार्यक्रम, २०४८ अन्तर्गतको सहभागि कोष हिसाबमा शुरू मौज्दात रू. १,००,७१,२४४।०० रहेकोमा यस आर्थिक वर्षमा रू.४,२२३।०० भूक्तानी भई बा-की रहेको रू.१,००,६७,०२१।०० लाई केन्द्रिय हिसावको चालू दायित्वमा देखाइएको छ ।
- समस्याग्रस्त वित्तीय संस्थाको मुद्दति लगानीको ब्याज आम्दानीलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गर्ने गरेको छ ।

६. **कोष तथा योजनाहरुको वित्तिय नतिजा विवरण**

***रकम रु. करोडमा***

| विवरण | आ.व. २०७१.७२ (अपरिस्कृत) | | | आ.व.२०७०.७१ (वास्तविक) | | |
|---|---|---|---|---|---|---|
| | **कोष** | **लगानी** | **लाभ/(हानी)** | **कोष** | **लगानी** | **लाभ/(हानी)** |
| नागरिक एकांक योजना | १५५ | १३० | (३।२५) | १०० | ७९ | ०।४३ |
| कर्मचारी बचत बृद्धि स्वीकृत अवकास कोष | ४४६० | ३०२२ | (१६।२३) | ३४८८ | २०९७ | (२।०९) |
| नीजामती बीमाकोष | ३७९ | २३० | (६।९९) | ३३९ | २६५ | (०।१४) |
| शिक्षक बीमाकोष | २७७ | १६६ | (९।००) | २३४ | २२६ | (०।८३) |
| नार्क बीमाकोष | ४ | ३ | (०।०९) | ३ | ५ | ०।०८ |
| नेपाली सेना बीमाकोष | ११२ | ७५ | (३।३२) | ६८ | ४३ | ०।१७ |
| लगानी कर्ता हिसाब योजना | २७३ | १९६ | ३।०० | २२८ | २११ | २।०० |
| उपदान कोष योजना | १०६३ | ७७८ | २।९८ | ८९६ | ७२५ | १।६३ |

७. **आम्दानी र खर्चहरु**

**कोषको बैंक रिकन्सिलिएसन**

कोषले बैंक रिकन्सिलिएसन कार्यलाई प्रभावकारी बनाउन गरेको प्रयास स्वरूप यस आ.व. २०७१।७२ सम्ममा बैंक कारोबारमा देखिएको रू.२,३४,२९,१६,९४३।०० पेण्डिङ्ग रकम फछ्र्यौट भएको देखिंदैन ।

८. **नगद तथा बैंक मौज्दात**

- कोषको बिभिन्न बैंकहरूमा खोलिएको खाताहरूको लेजर अनुसार डेविट मौज्दात रू.२,७४,५२,४३,८३६।०० र स्टेटमेन्टको क्रेडिट मौज्दात रू.२,८२,१६,७५८।०० भई २०७२।०३।३१ को खूद मौज्दात रू.२,७१,७०,२७,०७८।०० रहेको छ ।
- कोषको बैंक लेजरको खुद मौज्दात २,७१,७०,२७,०७८।०० रहेको छ र बैंक स्टेटमेण्ट अनुसार बैंक मौज्दात रकम रू.२,९९,९२,०५,०२२।०० रहेको छ ।
- नगद तथा बैंक मौज्दातको प्रस्तुतीकरणमा समुहीकृत गरिएको छ । एकै बैंकका बिभिन्न शाखा वा खातामा रहेका कुल मौज्दातलाई खुद रकममा देखाईएको छ ।

९. नेपाल लेखामान अनुसार कोषले स्थगन कर गणना गरेको छैन ।

१०. **प्रतिशेयर आम्दानी**

NAS-33 "प्रतिशेयर आम्दानी"ले वित्तिय विवरणहरूमा प्रति शेयर आम्दानी सामेल गर्नुपर्ने आवश्यकतालाई औल्याइएको छ । कोषको साधारण शेयरहरू वा सम्भावित साधारण शेयरहरू सार्वजनिक बजारमा कारोबार भैरहेका छन् । कोषले आफ्नो वित्तिय विवरणरू धितोपत्र वोर्डमा पेश गर्दछ ।

| विवरण | २०७१.७२ | २०७०.७१ |
|---|---|---|
| यस वर्षको नाफा | १८,६१,४६,०१६।०० | १८,८४,१५,५५८।०० |
| **समायोजन**<br>Basic गणनाका लागि प्रयोग गरिएको आय<br>जम्मा शेयर संख्या | ६०,७५,०००।०० | ४५,००,०००।०० |
| प्रति शेयर आम्दानी | ३१।१३ | ४१।८७ |

११. **प्रस्तुतीकरण**

- दशमलव पछिका अंकहरूलाई नजिकको रूपैंयामा समायोजन गरी वित्तिय विवरणहरूमा नेपाली रूपैंयामा प्रस्तुत गरिएको छ । तुलना गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार विगत बर्षको अंकहरूलाई Disclosure सहित पुनःवर्गिकरण गरिएको छ ।
- नगद प्रवाह विवरण Indirect विधिको प्रयोग गरी तयार गरिएको छ ।
- नगद प्रवाह विवरणले गैह्र नगद र गैह्र संचालन गतिविधिबाट प्राप्त नाफाको समायोजन सहित संचालन गतिविधिबाट प्राप्त नगद, पु-जीको परिवर्तन व्याज तथा करलाई छुट्टाछुट्टै समावेश गरि देखाईएको छ ।

१२. **पुन वर्गिकरण**

- गत बर्षको अंकहरू आवश्यकता अनुसार पून: समुहिकृत वा पुन: बर्गिकरण गरिएको छ ।
- कोषले अपनाएका लेखा नीतिहरू यस लेखा नीतिमा अन्यथा उल्लेख गरे बाहेक गत बर्षको लेखा नीतिसँग सामन्जस्य छ ।

| | | |
|---|---|---|
| ............................ | .................................... | ................................. |
| (**महाश्रम शर्मा**) | (**अनिल पौडेल**) | (**ईश्वर नेपाल**) |
| अध्यक्ष | चार्टर्ड एकाउन्टेण्ट<br>लेखापरीक्षक<br>मिति | उप–महालेखापरीक्षक |
| ........................ | ..................................... | ............................ |
| (**भरत बस्नेत**) | (**निरन्जन फुयाल**) | (**सुरेन्द्र थापा**) |
| संचालक | संचालक | संचालक |
| ............................. | | ......................................... |
| (**मणिदेव भट्टराई**) | | (**डा.गोविन्द मानसिंह कार्की**) |
| संचालक | | संचालक |
| .............................. | .................................... | .............................. |
| (**शोभा श्रेष्ठ सुबेदी**) | (**सुशिलकुमार अर्याल**) | (**रामकृष पोखरेल**) |
| उप–व्यवस्थापक | मुख्य–व्यवस्थापक | कार्यकारी निर्देशक |

# नागरिक लगानी कोष

## CONSOLIDATED BALANCE SHEET

### २०७२ आषाढ मसान्तको वासलात

| सि.नं. | बिबरण | केन्द्रीय हिसाब | कर्मचारी बचत बृद्दि अवकाश कोष | नागरिक एकांक योजना | उपदान कोष योजना | लगानीकर्ता हिसाब योजना | निजामती बीमा कोष | शिक्षक बीमा कोष | नार्क बीमा कोष | सैनिक वीमा कोष | जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कोषको श्रोत** | | | | | | | | | | |
| १ | शेयर पूंजी | ६,०७५ | – | – | – | – | – | – | – | – | ६,०७५ |
| २ | खुद कोष मौज्दात | – | ४४५,९५६ | १५,५४६ | १११,११७ | २८,४९५ | ३७,८९९ | २७,७८३ | ४२९ | ११,२७६ | ६७८,५०१ |
| ३ | लगानी जोखिम कोष | – | १५० | – | – | – | – | – | – | – | १५० |
| ५ | जीवन बीमा (TLI) कोष | – | – | – | – | – | ४३४ | ८२६ | ० | २९ | १,२९० |
| ६ | समायोजन कोष | – | – | – | – | – | – | – | २४६ | (७४) | १७३ |
| | प्रतिफल समिकरण कोष | | २४७ | | | | | | | | |
| ७ | जगेडा | ३,५७४ | ६,०९७ | (२८७) | १,८२३ | १,३१३ | (१८६) | (२,४३२) | (१) | (३२८) | ९,५७२ |
| | | | | | | | | | | | |
| ८ | **चालु दायित्व तथा ब्यवस्था** | २५,५५२ | २८,७७० | ३,५३६ | ३,१३४ | ६८२ | १,५१७ | ७,५७९ | ७७१ | १,५५६ | ७३,०९८ |
| | *चालु दायित्व* | *२२,९१४* | *२४,१०७* | *३,४४०* | *१,९६४* | १३२ | १,४३७ | ७,०७९ | ७७१ | १,५५६ | ६३,४०१ |
| | *अन्य ब्यवस्थाहरू* | *२,३१९* | | *१* | – | – | | – | | – | २,३२० |
| | *लगानी जोखिम ब्यवस्था* | ३१९ | ४,६६३ | ९४ | १,१७० | ५५० | ८० | ५०० | | | ७,३७७ |
| | ***कूल जम्मा :*** | ***३५,२०२*** | ***४८१,२२०*** | ***१८,७९४*** | ***११६,०७४*** | ***३०,४८९*** | ***३९,६६५*** | ***३३,७५५*** | ***१,४४६*** | ***१२,४६१*** | ***७६९,१०६*** |
| | | | | | | | | | | | |
| | **कोषको उपयोग** | | | | | | | | | | |
| १ | **खूद स्थिर सम्पत्ति** | ७०८ | ७,२६६ | – | – | – | – | – | – | – | ७,९७४ |
| | *परल मूल्य* | *१,०३२* | *७,२७०* | – | – | – | – | – | – | – | ८,३०२ |
| | *न्यून : ह्रास* | *(३२४)* | *(४)* | – | – | – | – | – | – | – | (३२८) |
| २ | **लगानी** | १,४६१ | ३०६,८५६ | १३,०६१ | ७८,९०१ | २०,२२७ | २३,१२८ | १७,१३० | ३०० | ७,५०० | ४६८,५६४ |
| ३ | **सुरक्षण कोष** | – | – | – | – | – | – | – | २०० | | २०० |
| ४ | **चालू सम्पती** | ३३,०३२ | १६७,०९८ | ५,७३३ | ३७,१७३ | १०,२६२ | १६,५३७ | १६,६२५ | ९४६ | ४,९६१ | २९२,३६८ |
| | *जिन्सी मौज्दात* | – | – | – | – | – | – | – | – | – | |
| | *लिनुपर्ने हिसाब* | *५,२७३* | *१४,७९५* | *३,५३१* | *३३,४९८* | *८,८९१* | *६,८८९* | *१,४३०* | *५०९* | *७९८* | ७५,६१४ |
| | *नगद तथा बैंक मौज्दात* | *२७,१७०* | *६२,३५६* | *२,२०२* | *३,५७४* | *१,३४९* | *९,६०५* | *१५,१९५* | *४३६* | *४,१६३* | १२६,०५२ |
| | *पेश्की, सापटी र धरौटी* | *५८९* | *८९,९४७* | – | – | *२३* | – | – | – | – | ९०,५५८ |
| | *स्थगित आयगत खर्च* | – | – | – | *१०१* | – | *४२* | – | – | – | १४३ |
| ४ | अपलेखन गर्नबांकी निर्माण खर्च | – | – | – | – | – | – | – | – | – | – |
| | ***कूल जम्मा :*** | ***३५,२०२*** | ***४८१,२२०*** | ***१८,७९४*** | ***११६,०७४*** | ***३०,४८९*** | ***३९,६६५*** | ***३३,७५५*** | ***१,४४६*** | ***१२,४६१*** | ***७६९,१०६*** |

# नागरिक लगानी कोष

**Consolidated Income Statement**

आ.व. २०७१।७२ को नाफा नोक्सान हिसाब

**रू. लाखमा**

| सि.नं. | बिबरण | केन्द्रीय हिसाब | कर्मचारी बचत बृद्दि अवकाश कोष | नागरिक एकांक योजना | उपदान कोष योजना | लगानीकर्ता हिसाब योजना | निजामती बीमा कोष | शिक्षक बीमा कोष | नार्क बीमा कोष | सैनिक बीमा कोष | जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | <u>आम्दानी</u> | | | | | | | | | | |
| १ | ब्याज आम्दानी | ४२७ | २६,८४५ | १,१०४ | ६,४२९ | १,९१२ | १,७५६ | ९५३ | १८ | २३० | ३९,६७६ |
| २ | सेवा शुल्क तथा कमिशन आम्दानी | ४,२२५ | ६ | – | – | – | – | – | – | – | ४,२३२ |
| ३ | लाभांश आम्दानी | १४२ | ५९३ | – | – | – | ४ | ६ | – | – | ७४५ |
| ४ | विविध आम्दानी | ७४ | ७० | – | – | – | – | | – | – | १४४ |
| ५ | लगानी जोखिम व्यबस्था आम्दानी | – | ७३ | – | – | – | – | ६० | – | – | १३३ |
| | **कूल आम्दानी** | **४,८६९** | **२७,५८८** | **१,१०४** | **६,४२९** | **१,९१२** | **१,७५९** | **१,०१९** | **१८** | **२३०** | **४४,९३०** |
| | | | | | | | | | | | |
| | <u>खर्च</u> | | | | | | | | | | |
| १ | व्यवस्थापन शुल्क खर्च | – | २,२७४ | ७७ | १,१११ | २८५ | १८९.५० | १३५.०५ | ३.६६ | ४६ | ४,१२०.७० |
| २ | व्यवस्थापन तथा संचालन खर्च | १,११२ | ६९६ | ८ | ३५ | १ | ६२ | ५६ | – | ४ | १,९७४ |
| ३ | ब्याज खर्च | – | २६,२३७ | १,३२४ | ४,८३० | १,१९१ | १,९८२ | १,३८६ | २३ | ५१३ | ३७,४८६ |
| ४ | ह्रास खर्च | ४६ | ४ | – | – | – | – | – | – | – | ५० |
| ५ | समायोजन कोष खर्च | – | – | – | – | – | १९३ | २५० | – | – | ४४४ |
| ६ | शेयर लगानी मर्ज खर्च | – | – | – | – | – | – | – | – | – | – |
| ७ | कर्मचारी उपदान व्यवस्था | १२२ | – | – | – | – | – | – | – | – | १२२ |
| ८ | कर्मचारी औषधोपचार व्यवस्था | – | – | – | – | – | – | – | – | – | – |
| ९ | संचित विदा व्यवस्था | ५० | – | – | – | – | – | – | – | – | ५० |
| १० | लगानी जोखिम व्यवस्था खर्च | ६० | | २० | २७० | १३१ | २०.०० | १०० | – | – | ६०१ |
| ११ | स्थगित आयगत खर्च अपलेखन | – | | – | – | – | १२ | | – | – | १२ |
| १२ | कर्मचारी बोनस व्यवस्था | २५८ | – | – | – | – | – | – | – | – | २५८ |
| | | | | | | | | | | | |
| | **कूल खर्च** | **१,६४८** | **२९,२११** | **१,४२९** | **६,२४६** | **१,६०८** | **२,४५९** | **१,९२७** | **२७** | **५६३** | **४५,११८** |
| | | | | | | | | | | | |
| क | **कर अगाडिको खुद नाफा** | **३,२२१** | **(१,६२३)** | **(३२४.७१)** | **१८४** | **३०४** | **(६९९)** | **(९०८)** | **(८)** | **(३३३)** | **(१८८)** |
| ख | आयकर व्यवस्था | १,३५९ | – | | – | – | – | – | – | – | १,३५९ |
| | | | | | | | | | | | |
| ग | **खुद नाफा** | **१,८६१** | **(१,६२३)** | **(३२४.७१)** | **१८३.६४** | **३०४** | **(६९९)** | **(९०८)** | **(८.२२)** | **(३३२.६२)** | **(१,५४७.४५)** |
| | | | | | | | | | | | |
| | आ.व. २०७०।७१ को खुद नाफा | १,८८४ | (२०१) | ४२ | १६३ | २३९ | (१४) | (८४) | ८ | १८ | **२,०५६** |
| | | | | | | | | | | | |
| | बृद्धि प्रतिशत | -१.२०% | -७०७.७५% | -६६५.४६% | ०.१३ | २७.१४% | -४७४२.१% | -११८५.३% | -२०२.२% | -१७६९.३% | **-१७५.२८%** |
| | | | | | | | | | | | |
| | **२०७१ आषाढ मसान्तसम्मको जगेडा तथा मुनाफा** | **३,५७४** | **६,०९७** | **(२८७)** | **१,८२३** | **१,३१३** | **(१८६)** | **(२,४३२)** | **(१)** | **(३२८)** | **९,५७२** |

## Citizen Investment Trust
## Summary Highlights
## F.Y.2071/72

Rs in Lakhs

| Particulars | 067/68 | 068/69 | 069/70 | 070/71 | 071/72 |
|---|---|---|---|---|---|
| **1. Overall Turnover (Including Schemes)** | | | | | |
| Total Income | 22,598.81 | 29,136.83 | 31,799.02 | 41,967.48 | 44,929.72 |
| Total Expenditure | 18,535.84 | 23,745.34 | 27,876.11 | 35,767.05 | 45,117.82 |
| **2. Size of the fund managed** | **223,307.67** | **326,891.25** | **421,754.67** | **540,985.90** | **678,501.21** |
| E.S.G.R.S | 158,579.05 | 206,908.51 | 268,837.00 | 348,752.62 | 445,955.81 |
| Unit Schemes 2052 | 3,153.66 | 3,270.40 | 4,729.67 | 9,954.00 | 15,545.78 |
| Gratuity Fund Scheme | 47,035.05 | 55,263.74 | 75,496.00 | 93,773.00 | 111,117.36 |
| Investor's Account Scheme | 14,539.91 | 16,795.60 | 20,799.00 | 23,940.17 | 28,494.68 |
| Insurance Fund Scheme | - | 44,653.00 | 51,893.00 | 64,566.11 | 77,387.58 |
| **3. Investments** | **207,817.16** | **301,096.01** | **393,764.00** | **375,565.57** | **468,564.30** |
| E.S.G.R.S | 121,654.51 | 201,811.03 | 264,757.52 | 214,333.38 | 306,856.05 |
| Central | 1,723.87 | 1,747.81 | 3,684.13 | 1,453.79 | 1,460.98 |
| Unit Schemes 2052 | 3,365.33 | 3,225.33 | 4,845.56 | 8,045.00 | 13,060.99 |
| Gratuity Fund Scheme | 42,237.49 | 46,579.17 | 66,270.69 | 73,995.00 | 78,901.12 |
| Investor's Account Scheme | 13,829.21 | 13,682.30 | 17,167.60 | 21,569.47 | 20,226.98 |
| Insurance Fund Scheme | 25,006.75 | 34,050.36 | 37,038.49 | 56,168.93 | 48,058.18 |
| **3. Financial Highlights (Central)** | | | | | |
| Income | 2,122.18 | 2,679.10 | 3,501.82 | 3,710.78 | 4,868.98 |
| Expenditure | 617.03 | 833.99 | 892.34 | 1,158.65 | 1,648.17 |
| Profit (Before Tax) | 1,505.15 | 1,845.11 | 2,609.48 | 2,552.12 | 3,220.81 |
| Profit (After Tax) | 1,008.81 | 1,238.19 | 1,932.26 | 1,884.16 | 1,861.46 |
| **4. Balance Sheets** | | | | | |
| Equity Capital | 1,250.00 | 2,160.00 | 3,000.00 | 4,500.00 | 6,075.00 |
| Reserve Fund | 2,334.21 | 2,556.28 | 3,471.26 | 3,689.67 | 3,574.31 |
| Investment | 1,723.87 | 1,747.81 | 3,684.13 | 1,453.79 | 1,460.98 |
| Fixed Assets | 614.94 | 617.46 | 673.95 | 651.39 | 708.19 |
| **5. Ratios** | | | | | |
| E.P.S (in Rs) Before Tax | 80.70 | 57.32 | 64.41 | 41.87 | 30.64 |
| D.P.S | *35 + **1.84 | *38.89 + **2.05 | *50 + **2.63 | *35 + **6.84 | *21.85 + **1.15 |
| Distributed Return (Interest) on Unit | 9.00% | 9.00% | 9.00% | 8.00% | 8.00% |
| Distributed Return (Interest) on E.S.G.R.S | 8.00% | 7.50% | 7.50% | 7.00% | 6.50% |
| Distributed Return (Interest) on Gratuity Fund Scheme | 7.50% | 7.50% | 5.50% | 5.00% | 4.75% |
| Distributed Return (Interest) on Investor's Accounts Schemes | 7.50% | 7.50% | 5.50% | 5.00% | 4.75% |
| Paid up value of share | 100 | 100 | 100 | 100 | 100 |

*21.85% Stock Dividend(Bonus Share)
**1.15% Cash Dividend (ForTax Purpose)
Paid Up Capital Based on Rs 607.5 Million.


केन्द्रीय हिसाब
खुद नाफा (कर पछिको)
२५००
२०००
१५००
१०००
५००
०
रु. लाखमा
३८३.४५
८०७.७७
१००८.८१
१२३८.१९
१९३२.२६
१८८४.१६
१८६१.४६
०६५/६६
०६६/६७
०६७/६८
०६८/६९
०६९/७०
०७०/७१
०७१/७२
आर्थिक वर्ष


आर्थिक नतिजा र मुनाफा
६,०००।००
५,०००।००
४,०००।००
३,०००।००
२,०००।००
१,०००।००
०।००
रु. लाखमा
कुल आय
कुल व्यय
खुद नाफा (कर अघि)
०६५/६६
०६६/६७
०६७/६८
०६८/६९
०६९/७०
०७०/७१
०७१/७२
आर्थिक वर्ष


लाभांश र बोनश शेयर वितरण
लाभांश वितरण (नगद)
बोनश शेयर
रु.लाखमा
६०
५०
४०
३०
२०
१०
०
०६५/६६
०६६/६७
०६७/६८
०६८/६९
०६९/७०
०७०/७१
०७१/७२
आर्थिक वर्ष


कोष रकम परिचालन
आ.व. २०७१/०७२
कर्मचारी वचत वृद्धि अवकास कोष योजना
उपदानकोष योजना
लगानीकर्ता हिसाब योजना
२.२९%
४.२१%
११.२४%
१६.४०%
६५.८६%

# व्यवस्थापन समूह



**श्री राम कृष्ण पोखरेल**
कार्यकारी निर्देशक



**श्री सुशील कुमार अर्याल**
मुख्य व्यवस्थापक



**श्री छविरमण अधिकारी**
उप–व्यवस्थापक
वित्त नियन्त्रण तथा आर्थिक प्रशासन महाशाखा



**श्री शोभा श्रेष्ठ (सुवेदी)**
उप–व्यवस्थापक
वित्त नियन्त्रण तथा आर्थिक प्रशासन महाशाखा



**श्री हेमन्त पोखरेल**
उप–व्यवस्थापक
अवकाश कोष व्यवस्थापन महाशाखा



**श्री अनिल कुमार ढकाल**
उप-व्यवस्थापक
नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बीमा कोष शाखा



**श्री भरतराज श्रेष्ठ**
शाखा प्रमुख
शाखा कार्यालय, पोखरा



**श्री वसन्त कुमार श्रेष्ठ**
शाखा प्रमुख
शाखा कार्यालय, विराटनगर



**श्री नवराज खड्का**
उप-व्यवस्थापक
प्रशासन महाशाखा



**श्री रोशन जङ्ग कार्की**
उप-व्यवस्थापक
पुँजीबजार व्यवस्थापन महाशाखा



**श्री नारायण प्रसाद घिमिरे**
उप-व्यवस्थापक
सैनिक बीमा कोष शाखा



**श्री अमृत बहादुर अधिकारी**
अधिकृत
वित्त नियन्त्रण तथा आर्थिक प्रशासन महाशाखा



**श्री उमेश पनेरु**
कम्प्युटर इन्जिनियर
सूचना प्रविधि व्यवस्थापन महाशाखा



**श्री जनकराज कंडेल**
अधिकृत
अवकाश कोष व्यवस्थापन महाशाखा



**श्री तेजनाथ पाण्डे**
अधिकृत
अवकाश कोष व्यवस्थापन महाशाखा



**श्री दिपेन्द्र सिं अधिकारी**
अधिकृत
पुँजीबजार व्यवस्थापन महाशाखा



**श्री यमकुमार श्रेष्ठ**
अधिकृत
शिक्षक बीमा कोष शाखा



**श्री तारानाथ भट्टराई**
अधिकृत
लगानी तथा अनुगमन महाशाखा



**श्री हिरामणि खतिवडा**
अधिकृत
खरिद शाखा



**श्री बालकृष्ण पुडासैनी**
अधिकृत
निजामति बीमा कोष शाखा

**प्रशासन महाशाखा**
श्री सुमन पौडेल, अधिकृत
श्री उद्धव सिलवाल, अधिकृत
श्री हरिश्चन्द्र श्रेष्ठ, अधिकृत

**अवकाश कोष व्यवस्थापन महाशाखा**
श्री सुरेन्द्रदास कर्माचार्य, अधिकृत
श्री रामशोभा ढुंगाना, अधिकृत
श्री कुमार श्रेष्ठ, अधिकृत
श्री जीवनराज जोशी, अधिकृत
श्री ऋषिराम फुयाल, अधिकृत

**बीमा कोष शाखा**
श्री विजेन्द्र बहादुर रघुबंशी, अधिकृत
श्री रामेश्वर पुडासैनी, अधिकृत
श्री रश्मी रिमाल, अधिकृत
श्री रविन्द्र नाथ श्रेष्ठ, अधिकृत
श्री सुमना उपाध्याय, अधिकृत

**रिकन्सिलेशन शाखा**
श्री गोपाल मान श्रेष्ठ, अधिकृत
श्री भोगेन्द्रध्वज वस्नेत, अधिकृत
श्री बिनोदराज पाण्डे, अधिकृत

**अनुसन्धान तथा बजार विकास महाशाखा**
श्री रीता पाठक (उपाध्याय), अधिकृत

**पुँजीबजार व्यवस्थापन महाशाखा**
श्री संगिता शर्मा, अधिकृत

**वित्त नियन्त्रण तथा आर्थिक प्रशासन महाशाखा**
श्री सुशील अधिकारी, अधिकृत

**उपदान तथा लगानीकर्ता हिसाब योजना**
श्री पुरुषोत्तम भट्टराई, अधिकृत

**लगानी तथा अनुगमन महाशाखा**
श्री नवराज गौतम, अधिकृत

**आवाश कर्जा शाखा**
श्री दिपक घिमिरे, अधिकृत

**पोखरा शाखा कार्यालय**
श्री कृष्णभक्त महर्जन, अधिकृत

**विराटनगर शाखा कार्यालय**
राजेशराज जोशी, अधिकृत

# नागरिक लगानी कोष परिवार

